का.जि.प्र.का.द.नं. १००/०५९/६०

१ असोज २०८०,
सोमबार
18 September 2023,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २३५ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

गम्भीर प्रकरणमा राजनीति



फाइल तस्बिर

# प्रचार हुन्छ अनुसन्धान हुँदैन

नेपालको इतिहासमा घटित रहस्यमय गतिविधि, आर्थिक अनुशासन उल्लंघन, राज्यशक्तिको दुरुपयोग, बलात्कार र हत्याका विषयहरु काण्डका रुपमा अभिलेखित छन् । समयक्रममा यी विषयमा चर्चा हुन्छ, प्रश्न उठ्छ, तर अनुसन्धानको गहिराइमा पुगेको पाइँदैन । यही नियति सुन काण्ड र ललिता निवास जग्गा प्रकरणमा पनि दोहोरिन लागेको हो ।

सुन काण्ड — ललिता निवास प्रकरण — ओम्नी प्रकरण — ७० करोड काण्ड — निर्मला पन्त प्रकरण — रुकुम हत्या काण्ड — दाशढुंगा दुर्घटना — दरबार हत्या काण्ड — गौर हत्या काण्ड

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, ३१ भदौ ।

६० किलो सुन प्रकरणमा जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंले २९ जनाविरुद्ध मुद्दा दर्ता गरेको छ । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो सीआईबीले ५० जनालाई प्रतिवादी बनाउने गरी प्रतिवेदन दिएको भए पनि २९ जनाविरुद्ध मुद्दा दर्ता भएको हो । प्रतिवादी बनाइएका २९ जनामध्ये २६ जना प्रहरी हिरासतमा छन् भने ३ जना फरार छन् ।

सिआइबीले दिएको प्रतिवेदनमा ठूलो संख्यालाई प्रतिवादी नबनाइनुका पछाडि यो प्रकरणमाथिको अनुसन्धान गहिराइमा नपुग्ने प्रष्ट संकेतका रुपमा अर्थ लगाउन थालिएको छ । अर्थात यसअघि चर्चित भएको र प्रर्वप्रधानमन्त्रीसम्म पुगेको भनिएको ललिता निवासको सरकारी जग्गा व्यक्तिको नाममा गरिएको प्रकरणमाथिको अनुसन्धानमा जस्तै सीमित व्यक्तिलाई कारबाही गरेर सुन तस्करीमाथिको अनुसन्धानमा बिट मार्न खोजिएको छ ।

नेपालको इतिहासमा घटित रहस्यमय गतिविधि, आर्थिक अनुशासन उल्लंघन, राज्यशक्तिको दुरुपयोग, बलत्कार र हत्याका विषयहरु काण्डका रुपमा अभिलेखित छन् । समयक्रममा यी विषयमा चर्चा हुन्छ, प्रश्न उठ्छ तर अनुसन्धानको गहिराइमा पुगेको पाइँदै न । यहि नियत्ति सुन काण्ड र ललिता निवास जग्गा प्रकरणमा पनि दोहोरिन लागेको हो ।

प्रतिनिधि सभाको अघिल्लो कार्यकालमा निरन्तर उठेको प्रकरण हो- ओम्नी प्रकरण । २०७६ चैतको दोस्रो साता नेपालमा कोरोना संक्रमणको लहर बढ्ने क्रममा थियो, त्यसकै पूर्वतयारीका लागि सरकारले उपप्रधान एवं रक्षामन्त्री ईश्वर पोखरेलको नेतृत्वमा उच्चस्तरीय समिति बनाई काम थालेको थियो ।स्वास्थ्य सेवा विभागबाट हुनुपर्ने काममा मन्त्रालय होइन, कानुनले नचिन्ने राजनीतिक प्रकृतिको समितिले हस्तक्षेप गरेर निर्णय भएको थियो । स्वास्थ्य सामग्री खरिद अनियमितताको विवादमा उपप्रधान एवं रक्षामन्त्री ईश्वर पोखरेल समेत तानिए । तर, अनुसन्धान भएको छैन ।

प्रिन्टिङ प्रेस खरिदका क्रममा गरेको भनिएको 'घुस डिल'को अडियो प्रकरण पनि अनुसन्धानमा अगाडि बढेको छैन । ७ फागुन २०७६ मा तत्कालीन संचार मन्त्री गोकुल बास्कोटाले विजयप्रकाश मिश्रसँग भएको भनिएको डिलको अडियोको निकै चर्चा भयो । बास्कोटाले मन्त्रीबाट राजीनामा दिए । तर उनीहरूबीच ७० करोड रुपैयाँ लेनदेनको कुराकानी भएको स्पष्टै बुझिने हुँदा हुँदै पनि अनुसन्धानमा अगाडि बढ्न सकेन ।

निर्मला पन्तको हत्याको विषय पनि निकै चर्चामा आयो तर हत्यारा पत्ता लगाउने गरी अनुसन्धान भएन । ०७५ साउन १० गते बलात्कारपछि हत्याको शिकारभएकी कञ्चनपुर स्थित भीमदत्त नगरपालिकी १३ वर्षीया बालिका निर्मला पन्तबारे राज्यको अनुसन्धान अझै निष्कर्षमा पुग्न सकेन वा पुऱ्याइन ।

अन्तरजातीय प्रेम सम्बन्धका कारण जाजरकोटका नवराज विक र उनका अन्य पाँच जना साथीको रुकुमको सोतीमा हत्या भएको विषय पनि इतिहासमा अभिलेखित मात्रै भएर रहेको छ । १० जेठ २०७७ मा रुकुम पश्चिमको चौरजहारी नगरपालिका-८ सोती गाउँमा भएको उक्त हत्याकाण्डको प्रमाण बुझ्ने, साक्षी परीक्षण गर्ने जस्तो मुद्दाका शुरूआती चरणका काम हुन सकेन ।

यी त भए नेपालको पछिल्लो राजनीतिक परिवर्तन गणतन्त्रकालमा भएका काण्डहरु । गौर हत्याकाण्ड, टिकापुरको हत्याकाण्डको पनि अनुसन्धानको गहिराइमा पुग्न सकेको अवस्था छैन । बेला बेला चाए भइरहने तर अनुसन्धान भएको अर्को काण्ड हो- दासढुंगा दुर्घटना । यस दुर्घटनामा परी नेकपा एमालेका तत्कालीन महासचिव मदन भण्डारीको मृत्यु भएको थियो । राजा विरेन्द्रको वंश नाश हुने गरी भएको हत्याकाण्डको पनि छानबिन भएको छैन ।

माओबादी युद्धका बेला भएका दोरम्बा घटना, दाङ आक्रमण, बेनी आक्रमण, बाँदरमुडे काण्ड जस्ता काण्डहरुको पनि बेला बेला चर्चा हुन्छ । युद्धको नियम विपरित भएका भनिएका यी घटनाको पनि अनुसन्धान हुन सकेको छैन ।

पंचायतकालमा भएका भनिएका जनकपुर बम काण्ड, कच्छे पर्व, झोडा काण्ड, पिस्कर हत्याकाण्ड, टिम्बुरबोटे काण्ड, सुखानी हत्याकाण्ड, छिन्ताङ हत्याकाण्ड, सेक्टर काण्डको पनि तत्कालीन समयमा चर्चा भयो, बहुदल आएपछि यदाकदा चर्चा भए तर अनुसन्धान भएन ।

वि.सं. १८६२ मा मुख्तियार रणबहादुर शाहले विर्ता, गुठी र किपट जग्गा जफत गर्ने घोषणा गरे । यसै घटनालाई ६२ हरण, विर्ता हरणको नामले चिनिन्छ । यसमा गलत भएको कतिपयको प्रश्न थियो तर अनुसन्धान भएन । कोतपर्व नेपालको इतिहासमा ठूलो हत्याकाण्डका रुपमा दर्ज छ । यो काण्डले तत्कालिन नेपालको अस्थिर राजनीतिलाई १०३ वर्षे राणा शासनतिर सुम्पेको थियो । यही काण्डले जंगबहादुरको उदय भएको थियो ।

भण्डारखाल पर्व वि.सं. १९०३ कात्तिक १२ गते रानी राज्यलक्ष्मीले जंगबहादुरलाई विष खुवाई हत्या गर्न रचिएको पर्वको रुपमा चर्चित छ । तर, सूचना जंगबहादुरलाई मारिनबाट जोगिएका थिए । उल्टै जंगबहादुरले वीरध्वज बस्नेतलगायतका १५ भन्दा बढीको हत्या गरेको बताइन्छ । अर्को अलौ पर्व भन्ने छ । वि.सं. १९०४ साउन महिनामा राजा >>> पृष्ठ २ मा

संविधान दिवस, २०८० भव्यरुपमा मनाऔं ।

संविधान दिवस २०८० को अवसरमा असोज २, ३, र ४ गते विभिन्न कार्यक्रमको आयोजना गरौं । घर तथा कार्यालयमा दीपावली गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# संकटकालकै झल्को




**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, ३१ भदौ ।

मोरङ प्रशासनले कोशी प्रदेशको राजधानी विराटनगरमा संकटकालकै झल्को दिनेगरी निषेधाज्ञाको निर्णय गरेको छ । प्रमुख जिल्ला अधिकारी वीरेन्द्रकुमार यादवले आइतबार सूचना जारी गरी दुई महिने निषेधाज्ञा लगाएका छन् ।

> कोशी प्रदेशको नाम संशोधनको मागसहित चलिरहेको आन्दोलनबाट हुने संभावित घटना रोक्न मोरङ जिल्ला प्रशासनले विराटनगरमा दुई महिना लामो निषेधाज्ञा लगाएको छ ।

सूचना अनुसार, प्रदेश सरकारको मुख्यालयलाई आधार मानेर निषेधाज्ञा जारी गरिएको छ । प्रजिअ यादवको विज्ञप्तिमा प्रदेशसभा सचिवालयबाट पूर्वमा देवकोटा चोकदेखि पश्चिममा कोशी अस्पताल चोक क्षेत्र, मुख्यमन्त्रीको कार्यालय रोडशेष चोकदेखि दक्षिण जतुवा चोक, मुख्यमन्त्रीको निवासदेखि ३ सय मिटर वरपर, प्रदेश प्रमुखको कार्यालयबाट तीन सय मिटर वरपर र जिल्ला प्रशासन कार्यालयको डाँफे चोकदेखि पूर्वका क्षेत्रमा निषेधाज्ञा जारी गरिएको उल्लेख छ ।

निषेधाज्ञा असोज १ गते बिहान ६ बजेदेखि लागू हुनेछ । यो अवधिभर विरोध, धर्ना र जुलुस आयोजना गरी निषेधाज्ञा क्षेत्रभित्र प्रवेश गर्न पाइने छैन । तर हिडडुल र सवारी सञ्चालनमा रोक लगाइएको छैन । >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# वैदेशिक रोजगारीबाट स्वदेश भित्रिने रेमिट्यान्समा उल्लेख्य वृद्धि

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ भदौ

वैदेशिक रोजगारीमा जाने नेपालीको वृद्धिसँगै स्वदेश भित्रिने रेमिट्यान्समा पनि उल्लेख्य वृद्धि भएको छ । गत वर्ष सबै प्रक्रियाबाट ७ लाख ७१ हजार ३ सय १७ जना नेपाली कामका लागि विदेशिएका थिए ।

साउन महिनामा वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको संख्यामा केही कमी आएको भएपनि रेमिट्यान्स रकममा भने उल्लेख्य बढोत्तरी देखिएको छ । चालु आर्थिक वर्ष २०८०/८१ को पहिलो महिना साउनमा एक खर्ब १६ अर्ब रुपैयाँ रेमिट्यान्स भित्रिएको छ ।

नेपाल राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको तथ्यांकअनुसार चालु आर्थिक वर्षको पहिलो महिना साउनमा रेमिट्यान्स १५ दशमलव ८ प्रतिशतले बढेर एक खर्ब १६ अर्ब २ करोड रुपैयाँ पुगेको छ । अमेरिकी डलरमा रेमिट्यान्स साढे २१ प्रतिशतले वृद्धि भइ ८७ करोड ९८ लाख पुगेको राष्ट्र बैंकले जनाएको छ ।

साउनमा संस्थागत तथा व्यक्तिगत-नयाँ श्रम स्वीकृति लिने नेपालीको संख्या ३९ हजार एक सय ५२ जना रहेको छ । जुन गत वर्षको साउन महिनाको तुलनामा १२ दशमलव १ प्रतिशतले कमी हो ।

वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिनेको संख्यामा पनि साढे १९ प्रतिशतले कमी आएको छ । साउनमा १६ हजार चार सय २३ जनाले पुनः श्रम स्वीकृति लिएका छन् । गत वर्ष भने अघिल्लो वर्षको साउनमा पुनः श्रम स्वीकृति लिनेको संख्या साढे ७५ प्रतिशतले बढेको थियो ।

### विभिन्न देशबाट बेचबिखनमा परेका एक हजार छ सय ७९ जनाको उद्धार

काठमाडौं/रासस- पछिल्लो पाँच वर्षमा नेपाललगायत विभिन्न देशबाट बेचबिखनमा परेका एक हजार छ सय ७९ जनाको उद्धार गरिएको छ । नेपाल प्रहरीको मानब बेचबिखन अनुसन्धान ब्यूरोका अनुसार आर्थिक वर्ष २०७५/७६ देखि आर्थिक वर्ष २०७९/०८० सम्ममा बेचबिखनमा परेका उनीहरुको उद्धार गरिएको हो । यसमा वैदेशिक रोजगारीका नाममा भएको बेचविखनका पीडित पनि रहेका छन् ।

ब्यूरोका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक जीवनकुमार श्रेष्ठका >>> पृष्ठ २ मा

# सरकारबारे कांग्रेसमा दुई धार

डा. शेखर कोइराला वर्तमान सरकारको नेतृत्व परिवर्तन गर्नुपर्ने भनी सार्वजनिक अभिव्यक्ति दिँदै हिँडेका छन् भने डा. शशांक कोइराला र विमलेन्द्र निधि सरकारको स्थिरताको पक्षमा बोलिरहेका छन् ।



मेरो दृष्टिकोणले पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकार पाँच वर्षसम्म जान सक्छ, मलाई त्यस्तो लाग्छ ।

■ शशांक कोइराला



संसदीय प्रणालीमा प्रधानमन्त्रीबाहेक अरु मन्त्रीको कुनै रोल हुन्न, त्यसकारण अब कांग्रेसको नेतृत्वमा सरकार बन्नुपर्छ ।

■ शेखर कोइराला

**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, ३१ भदौ ।

सरकारको स्थिरता र वर्तमान सरकारको आयुका विषयलाई लिएर नेपाली कांग्रेसभित्र दुई धार देखा परेको छ । डा.शेखर कोइराला वर्तमान सरकारको नेतृत्व परिवर्तन गर्नुपर्ने भनी सार्वजनिक अभिव्यक्ति दिँदै हिडेँका छन् भने, डा.शशांक कोइराला र विमलेन्द्र नीधि सरकारको स्थिरताको पक्षमा बोलिरहेका छन् ।

'संसदा हामी ८८ सांसद छौं, नौ जना मन्त्री नै छौं तर मन्त्रीजीहरूले केही गर्नै सक्नुभएको छैन । संसदीय प्रणालीमा प्रधानमन्त्रीबाहेक अरू मन्त्रीहरूको कुनै रोल हुन्न' शेखरले भनेका छन्, 'त्यसकारण अब कांग्रेसको नेतृत्वमा सरकार बन्नु जरुरी छ । अनि मात्रै हामी अगाडि बढ्न सक्छौं ।'

डा. शेखरको अभिव्यक्तिपछि सरकारको आयुबारे आशंका समाजमा जन्मिन थालेको थियो । त्यसलाई मेट्ने गरी डा. शशांक कोइरालाले वर्तमान पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार नै पाँचै वर्ष चल्न सक्ने बताएका छन् ।

डा शशांक कोइरालाले अहिले सरकार परिवर्तनको सम्भावना नरहेको बताए । आइतबार चितवनमा पत्रकारहरूसँग कुराकानी गर्दै उनले सत्ता गठबन्धनमा सामान्य खटपट भए पनि अहिले नै सरकार परिवर्तनको सम्भावना नरहेको बताएका हुन् ।

'मेरो दृष्टिकोणले पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार पाँच वर्षसम्म जान सक्छ, मलाई त्यस्तो लाग्छ ।' उनले भनेका छन् । सरकारको स्थायित्व आवश्यक रहेको उल्लेख गर्दै उनले स्थायित्वले मात्रै देशको विकास सम्भव रहेको बताए । पार्टीभित्रको खिचातानी सरकारमा हुन नहुने उनको भनाइ थियो ।

विगतमा कतिपय समझदारी भएर पनि तोडिएको प्रसंग उल्लेख गर्दै उनले प्रचण्ड साधारण व्यक्ति नभएको बताए । नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीचको तिक्तताका कारण पुनः >>> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१ असोज २०८०, सोमबार
18 September 2023, Monday

# चाडबाडका बेला शान्तिसुरक्षाबारे चनाखो हुन सुरक्षा निकायलाई निर्देशन

**काठमाडौं/मस-** कार्यवाहक प्रधानमन्त्री पूर्णबहादुर खड्का र उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले सुरक्षा निकायका प्रमुखहरूसँग छलफल गरेका छन् ।

आइतबार रक्षा मन्त्रालयमा भएको छलफलमा मुख्य सचिव, प्रधानसेनापति, गृह सचिव, रक्षा सचिव, सशस्त्र प्रहरी प्रमुख, राष्ट्रिय अनुसन्धानका प्रमुख, नेपाल प्रहरीका कार्यवाहक प्रमुखलगायत सहभागी थिए ।

सुरक्षा निकाय प्रमुखसँगको छलफलमा कार्यवाहक प्रधानमन्त्री खड्का तथा गृहमन्त्री श्रेष्ठले देशको समग्र शान्तिसुरक्षाको अवस्थाबारे जानकारी लिएका थिए ।

शान्तिसुरक्षाको अवस्था दुरुस्त राख्न तथा सामाजिक सद्भाव खल्बलिन नदिने गरी सुरक्षा प्रबन्ध मिलाउन पनि सुरक्षा निकाय प्रमुखलाई निर्देशन दिइएको छ ।



चाडबाड नजिकिँदै गर्दा बजारमा दैनिक उपभोग्य समान सहज उपलब्ध हुने व्यवस्था मिलाउन, कालोबजारी, कृत्रिम अभाव र मूल्यवृद्धि हुन नदिन थप प्रभावकारी व्यवस्थापन गरी नियमित अनुगमन गर्न कार्यवाहक प्रधानमन्त्री खड्काले निर्देशन दिएका थिए ।

चाडपर्व नजिकिँदै गरेका कारण आपूर्ति व्यवस्थाको नियमितता र अनुगमनलाइ समेत थप प्रभावकारी बनाउँदै कहीँकतै आम नागरिक ठगिएको, कृत्रिम अभाव सृजना गरिएको पाइए तुरुन्त कारबाही गर्न निर्देशन दिएका छन् ।

सो अवसरमा उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले विभिन्न बहानामा द्वन्द्व बढाउने तथा समाजिक सद्भाव बिगार्ने प्रयास भइरहेकाले त्यसतर्फ सजक र सतर्क हुन सबै सुरक्षा निकायलाई निर्देशन दिए । कार्यवाहक प्रधानमन्त्री खड्का र उपप्रधानमन्त्री श्रेष्ठले सुरक्षा निकायका प्रमुखसँगको छलफलका क्रममा राजनीतिक र आपराधिक घटनाहरू समयमै पहिचान गर्न तथा राजनीतिक गतिविधिको आवरणमा आपराधिक गतिविधि हुन सक्नेमा ध्यान दिन निर्देशन दिएका थिए । छलफलमा मुख्य सचिव, गृह सचिव र रक्षा सचिवले समसामयिक विषयमा जानकारी गराएका थिए ।

त्यस्तै, आइतबार नै राष्ट्रपति रामचन्द्र पौडेलसँग कार्यवाहक प्रधानमन्त्री खड्काले भेट गरेका छन् । राष्ट्रपति कार्यालय शीतल निवासमा पुगेर कार्यवाहक प्रधानमन्त्री खड्काले देशको समसामयिक विषयमा राष्ट्रपति पौडेललाई जानकारी गराएका थिए ।

*तीनकुने गैह्रीगाउँ हत्याकाण्ड*

# बोल्न नसक्ने भण्डारी पक्राउ, बदला लिन खोज्दा हत्या



**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ भदौ

शुक्रबार राति काठमाडौंको तीनकुनेस्थित गैह्रीगाउँमा चार जनाको हत्या प्रकरणमा संलग्न आरोपी सिन्धुपाल्चोक बाह्रबिसे नगरपालिकाका सञ्जय भण्डारीलाई प्रहरीले आइतबार पक्राउ गरी सार्वजनिक गरेको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौंमा पत्रकार सम्मेलनको आयोजना गरी निज अभियुक्तलाई प्रहरीले सार्वजनिक गरेको हो । उक्त घटनापछि खुकुरीसहित भागेका निज आरोपीलाई प्रहरीले सिसी टिभी फुटेजको सहयोगमा पक्राउ गरेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक सोमेन्द्रसिंह राठौरले पत्रकार सम्मेलनमा बताए ।

उनले भने, 'बोल्न नसक्ने निज भण्डारीलाई केही समयअघि चाबहिलमा नवीन राई सवार मोटरसाइकलले ठक्कर दिएको र सोही क्रममा विवाद भएर रिसिइबी बढेको र त्यसकै निहुँमा उनी बसेको स्थान फेला पारेर हत्या गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ ।'

चार जनाको हत्या गरेपछि आरोपी भण्डारी भाग्दै पेप्सीकोला पुगेका थिए र त्यहाँ उनको साथीको घर भएको तथा राति मूलगेट लगाएको बेला उनी रूखमा चढेर घरको कम्पाउन्डभित्र पुगेका थिए । तर त्यहाँ उनले साथी नभेटेपछि पुनः अर्को घरमा पुगेको पाइएको प्रहरी वरिष्ठ उपरीक्षक राठौरले जानकारी दिए । नवीनसँग मात्रै दुश्मनी भए पनि पोल खुल्ने डरले उनले अन्य तीन जनाको पनि हत्या गरेको खुल्न आएको प्रहरीले जनाएको छ । जन्मजात बोल्न नसक्ने हत्या आरोपी भण्डारीको प्रहरीले दोभाषेको सहयोगमा बयान लिइएको जनाइएको छ। शुक्रबार मध्यराति गैह्रिगाउँस्थित दिव्य सःमिलमा मोरङ घर भएका १९ वर्षीय नवीन राईसहित सुरक्षा गार्डको जिम्मेवारीमा रहेका कुमार भुजेलसहित उनकी पत्नी अम्बिका भुजेल र उनकी आमा ७० वर्षीय सुमित्रा भुजेलको हत्या भएको थियो ।

# आज तीज पर्व, हर्षोल्लासपूर्वक मनाइँदै



**काठमाडौं/मस-** हरितालिका अर्थात् तीज पर्व आज हिन्दु धर्मावलम्बी नेपाली महिलाहरूले हर्षोल्सासका साथ मनाउँदै छन् । तीज पर्वको अवसरमा सरकारले महिला कर्मचारीलाई बिदा दिएको छ । तीजमा ब्रत बसेर महादेवको पूजा, उपासना गरेमा सुख, शान्ति र परिवारको कल्याण हुने धार्मिक विश्वास रहँदै आएको छ ।

तीजको अघिल्लो दिन मिठोमसिनो परिकारसहितको दर खाने चलन छ । तीजमा विशेषगरी माइती एवं दाजुभाइले विवाहित छोरीचेली, दिदीबहिनीलाई बोलाई मिठोमसिनो खानेकुरासहितको दर खुवाउने प्रचलन छ ।

दर खाएपछि औपचारिक रुपमा शुरु भएको तीज पर्व तीनदिन अर्थात् ऋषि पञ्चमीसम्म मनाइन्छ । तर, पछिल्ला वर्षहरुमा एक महिनाअघि देखि नै सामूहिक रुपमा भोजभतेर गरेर तीज मनाउने क्रम बढ्दै गएको छ । जसलाई कतिपयले विकृतिको रुपमासमेत अर्थ्याउन थालेका छन्।

सत्ययुगमा आजकै दिन निराहार ब्रत बसेकी पार्वतीले महादेव स्वामी पाएको पौराणिक कथासँग तीज पर्व जोडिएको छ। आजको दिनमा ब्रत बस्दा मनोकामना पूरा हुने धार्मिक विश्वास रहिआएको छ । तर यसको अर्थ सबै नारी निराहार ब्रत बस्नुपर्छ भन्ने नरहेको धर्मशास्त्रविद्हरू नै बताउँछन् ।

तीजमा विवाहित महिला पतिको दीर्घायू र शुस्वास्थ्यको कामनासहित ब्रत बस्ने परंपरागत चलन छ । अविवाहित युवतीहरु भने असल पति प्राप्तीको कामनासहित ब्रत बस्ने शास्त्रीय विधान रहेको धर्मशास्त्रका जानकारहरु बताउँछन् ।

तीज पर्वका अवसरमा पशुपतिनाथ मन्दिर दर्शन गर्न आउने भक्तजनका लागि लाम व्यवस्थापन, स्वयंसेवक परिचालन, स्वास्थ्य शिविर एवं निःशुल्क पानी वितरणलगायतको व्यवस्था गरिएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ ।

तीजका अवसरमा चारै वटा सुरक्षा निकायले पशुपति क्षेत्रमा सुरक्षा दिने गरी व्यवस्था मिलाइएको छ । पशुपतिनाथको दर्शनमा आउने ब्रतालु भक्तजनका लागि सहज बनाउन चार स्थानबाट लामको व्यवस्था गरिएको छ ।

कोटेश्वर-तीनकुने-सिनामंगल क्षेत्रबाट आउने भक्तजनका लागि तिलगंगा पर्यटक टिकट काउन्टर क्षेत्रबाट प्रवेश गरी राममन्दिर-आर्यघाट क्षेत्र हुँदै पूर्वी ढोकाबाट पशुपतिनाथ मन्दिर प्रवेश गर्ने गरी पहिलो लामको व्यवस्था गरिएको छ ।

यो मार्गबाट प्रवेश गर्ने भक्तजनको जुत्ता चप्पल आर्यघाट जाने वाग्मती नदीमाथिका दुई पुल पार गरेपछिकोमध्ये क्षेत्रमा राख्ने गरी व्यवस्था मिलाइएको छ । दोस्रो लाम मित्रपार्क क्षेत्रबाट प्रवेश गर्न पाउने गरी व्यवस्था गरिएको छ ।

यहाँबाट प्रवेश गर्ने भक्तजनको जुत्ता चप्पल शंकराचार्य मठअघिको क्षेत्रमा राख्न सकिने गरी व्यवस्था गरिएको कोष संस्कृति संरक्षण महाशाखा प्रमुख गौरीशंकर पराजुलीले बताए । तेस्रो लाम गौशाला-पिंगलस्थान-पञ्चदेवल क्षेत्रबाट अघि बढ्ने व्यवस्था मिलाइएको छ । यहाँबाट प्रवेश गर्ने भक्तजनको जुत्ताचप्पल बज्रघरअघिको भागमा राखिनेछ। चौँथो लाम गुह्येश्वरी-उमाकुण्ड-कैलाश दक्षिण भाग हुँदै पशुपतिनाथ मन्दिरमा प्रवेश गर्नेछ। यो मार्गबाट प्रवेश गर्ने भक्तजनको जुत्ताचप्पल गुरु मन्दिरअघिको खुला भागमा राखिनेछ । पशुपतिनाथ मूल मन्दिर र त्यस परिसरको तस्बिर एवं भिडियो खिचेमा मोबाइल जफत गरी नगद जरिवानासमेत गरिने भएको छ ।

कोषले तीजका दिन यही असोज १ गते सोमबार बिहान ६ बजेपछि पुरुष दर्शनार्थीलाई पशुपतिनाथ मन्दिर प्रवेश गर्न नदिने भएको छ। पशुपतिनाथका नित्य दर्शनार्थीलाई त्यसअघि नै दर्शन गरेर फर्कन पनि कोषले आह्वान गरेको छ । यसैबीच तीजको अवसरमा राष्ट्रपति रामचन्द्र पौडेल, उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, सभामुख देवराज घिमिरे लगायत राजनीतिक दलका प्रमुखहरुले शुभकामना दिएका छन् ।

## वास्तु दिवस एवम् विश्वकर्मा पूजा

प्रत्येक वर्ष कन्या अर्थात् आश्विन सङ्क्रान्तिका दिन आज कालीगढहरुले विश्वकर्माको पूजा आराधना गरी वास्तु दिवस एवं विश्वकर्मा पूजा पर्व मनाउँदैछन् ।

विभिन्न कलकारखानामा विश्वकर्मा भगवान्को बालुवाको मूर्ति वा तस्वीरमा विधिपूर्वक पूजा आराधना गरी यो दिवस मनाउने गरिन्छ । कलकारखानालाई विशेष रुपमा सजाएर मजदुरलाई समेत सहभागी गराएर यो दिवस मनाइन्छ । बालुवा अन्य चीजबाट बनाइएको विश्वकर्माको मूर्ति वाग्मती मुहानस्थल सुन्दरीजल वा अन्य शुद्ध स्थलमा लगी सेलाउने गरिन्छ । आज पूजा गरी मंगलबारदेखि नदीमा लगी मूर्ति सेलाइन्छ ।

आजका दिन कालीगढले उपयोगमा ल्याउने विभिन्न औजारका सामानमा पूजा आराधना गरेमा धेरै समय टिक्ने, कामका बेलामा नबिग्रने र राम्रो काम गर्न सकिने लगायत गुण प्राप्त हुने धार्मिक विश्वास छ । द्वापर युगमा भगवान् कृष्णलाई राक्षसहरुले दुःख दिएपछि विश्वकर्माले समुद्रको बीचमा 'भेद द्वारका' बनाइ लुकाएको धार्मिक विश्वास छ । एकै रातमा समुद्रको बीचमा 'भेद द्वारका' को निर्माण गरेकाले विश्वकर्मालाई सफल वास्तुविद्का रुपमा मानी त्यसै समयदेखि पूजाआजा गर्ने परम्परा बसेको धर्मशास्त्रविद् प्रा.तोयराज नेपाल बताउँछन् ।

प्राचीन भारत वर्षका चारदिशाका रक्षक देवतामध्ये द्वारकालाई पश्चिम दिशाको रक्षकका रुपमा समेत मानिन्छ । विश्वकर्माले निर्माण गरेको 'भेद द्वारका' अहिले पनि भारतको गुजरात राज्यमा समुद्रको बीचमा रहेको विश्वास गरिन्छ। विश्वकर्मालाई वास्तु विद्याका विशिष्ट ज्ञाताका रुपमा मानिन्छ । 'विश्वकर्मा प्रकाश' नामक वास्तु शास्त्रको ग्रन्थ उनले नै रचना गर्नुभएको विश्वास गरिने वास्तुशास्त्री शिव पोखरेल बताउँछन् ।

यही सम्भनामा नेपालका कालीगढहरुले आज भव्यरुपमा विश्वकर्मा बाबाको पूजा गरी उहाँको विद्वताको सम्मान गर्छन् । यसो गरेमा आफूमा पनि विश्वकर्माको गुण प्राप्त हुने विश्वास गरिन्छ । यस विश्वासमा आज इञ्जिन जडान भएका यन्त्र सवारी साधनमा समेत पूजा आराधना गरिन्छ।

वास्तुका शास्त्रका पुस्तकका लेखक एवं अध्येताको सम्भनामा आजको दिनलाई वास्तुविद्हरुले वास्तु दिवसका रुपमा मनाउने गर्छन् । पछिल्लो समय नेपालमा पनि वास्तु विद्याको पुनर्जागरण सुरु भएको छ । चार उपवेदमध्येको एक स्थापत्यवेदमा वास्तु शास्त्रकै विषय उल्लेख गरिएको छ । लुप्तप्राय : भएको स्थापत्य वेदमा आधारित सहर एवं आवास निर्माण गर्नेको संख्या पनि बढ्न थालेको छ । यसैले गर्दा पनि अहिले वास्तु विद्याको महत्व बढेको छ।

# शिक्षा विधेयकविरुद्ध धनगढीमाईका शिक्षकहरु आन्दोलित

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, ३१ भदौ

सिरहाको धनगढीमाई नगरपालिकास्थित विभिन्न विद्यालयहरूमा कार्यरत शिक्षकहरु आन्दोलित भएका छन् । सरकारले ल्याएको क्षिक्षा ऐन शिक्षकहरूको हक हितमा नभएको भन्दै उक्त विद्येयक खारेजको मागसहित आन्दोलित भएका हुन् ।

शिक्षकहरु पूर्व घोषित



आन्दोलनलाई समर्थन गर्नका लागि काठमाडौंसमेत जाने भएका छन् । आम जनताको रगत पसिनामा राजनीति गर्ने राजनीतिक दलहरुले शिक्षकको पीडा नबुझ्नु चिन्ताको विषय भएको कार्यक्रममा सहभागी शिक्षकहरुले बताए ।

विद्यालयमा कार्यरत सबै शिक्षकहरुलाई उनीहरुले गरेको योगदानको कदर गर्दै स्वतः स्थायी गर्नुपर्ने सहभागी शिक्षक राजेन्द्र मगरले बताए । धनगढीमाईको जिरोमाइलस्थित आधारभूत विद्यालयको प्रांगणमा आयोजित कार्यक्रममा पालिकाअन्तर्गत रहेका सबै विद्यालयका शिक्षकहरु सहभागी भएका थिए ।

# अखाद्य सामग्री बेच्ने भाटभटेनीलाई एक लाख जरिवाना

**काठमाडौं/मस-** म्याद गुज्रेका सामग्री बिक्री गरेको भन्दै संयुक्त बजार अनुगमन ललितपुरको टोलीले पुल्चोकस्थित भाटभटेनी सुपरमार्केटलाई एक लाख जरिवाना गरेको छ। ललितपुर जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी अमरदीप सुनुवारसहितको टोलीले आइतबार कृष्णगल्लीमा रहेको भाटभटेनी, मानभवनको विग मार्ट र पुल्चोकको सेलवेज डिपार्टमेन्ट अनुगमन गरेको थियो ।

अनुगमनका क्रममा भाटभटेनीले म्याद सकिएको घिउ, अण्डा बिक्री गरेको पाइएपछि न्यूनतम एक लाख जरिवाना गरिएको सहायक प्रजिअ सुनुवारले जानकारी दिए । उनका अनुसार विग मार्टले बिक्री गर्ने हरियो तरकारीमा कम तौल पाइएपछि १० हजार जरिवाना गरिएको छ। यस्तै, म्याद सकिएको बियर बिक्री गरेको भेटिएपछि दश हजार जरिवाना गरेको सुनुवारले जानकारी दिए । 'संयुक्त बजार अनुगमन ललितपुरको टोलीले आइतबारदेखि चाडपर्व लक्षित बजार अनुगमन शुरु गरेको हो । हामीले शिक्षा दिने गरी बजार अनुगमन थालेका छौं, मानिसको स्वास्थ्यसँग खेलवाड गर्नेगरी खाद्यवस्तु बिक्रीवितरण नगर्न सचेत गराउँदा पनि पालना नगरेपछि जरिवाना गरिएको हो,' सहायक प्रजिअ सुनुवारले भने । घरेलु तथा साना उद्योग कार्यालय ललितपुरका निरीक्षक अधिकृत सञ्जय थापाले उपभोक्ताको स्वास्थ्यलाई ध्यान दिएर अखाद्य वस्तुको 'डिस्पोज' गरिएको बताए ।


## मलेसियामा रोजगार

१. कम्पनी : AIK CHEE FURNITURE SDN BHD
शहर: JOHOR

पूर्व स्वीकृत मिति : २०८०/०५/३१ | चलानी नं.: ६०२०७८१७ | L.T. No.: 292634

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा मिति २०८० असोज ८ गते (25 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. १५४७/०७८/०७९

**BLUE LINK PLACEMENT SOLUTION PVT.LTD**
एयरपोर्ट, काठमाडौं, नेपाल, फोन: ०१-५९१३२२५, ५९१३२२६
E-mail: admin@bluelinkplacement.com | Web:bluelinkplacement.com



## UAE मा रोजगार

कम्पनी: SPARTANS SECURITY SERVICES L.L.C
शहर: DUBAI

पूर्व स्वीकृत मिति: २०८०/०३/१० | चलानी नं.: ६०२०३६३५ | L.T. No.:288322 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard (Female) | 0 | 10 | स. काममा दक्ष | 1200 | ४३,३९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: SPARTANS SECURITY SERVICES L.L.C
शहर: DUBAI

पूर्व स्वीकृत मिति: २०८०/०२/२१ | चलानी नं.: ६०२०२६३३ | L.T. No.:287136 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 56 | 0 | स. काममा दक्ष | 1200 | ४३,३९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८० असोज ८ गते (25 September 2023) मा हुनेछ ।**
**अन्तर्वार्ता होटेल जनप्रिय, पोखरा कास्कीमा २०८० असोज ९ गते (26 September 2023) मा हुनेछ ।**
**अन्तर्वार्ता होटेल खुकुरी, इटहरी सुनसरीमा २०८० असोज १० गते (27 September 2023) मा हुनेछ ।**
**अन्तर्वार्ता सिटी होटेल, विर्तामोड झापामा २०८० असोज ११ गते (28 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

Gov. Lic No. 817/066/067

**S. P. M. OVERSEAS PVT. LTD.**
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 4587837, 4589795
Kathmandu: 9842151398, 9813127393, Pokhara: 9702890152
Ithari: 9808760617, 9802048434, 9819365630 Birthamod: 9842716845.
Email: spmoverseas@gmail.com, Web.: www.spmoverseas.com


### गम्भीर...

राजेन्द्रको समयमा उनी बनारसबाट फर्केर नेपाल आउँदा वीरगञ्ज नजीकै अलौ भन्ने ठाउँमा जंगबहादुर राणाको हातबाट सत्ता फर्काउन गरिएको सैनिक विद्रोहको प्रयासको हो । कुनै पनि घटना भउपछि निश्चितसमयसम्म चर्चा हुने र कालखण्डमा अनुसन्धान नै नभएर रहने प्रवृति रहेको इतिहासले देखाउँछ । यसलाई बदल्ने प्रयास यदाकदा भएका छन् । पछिल्लो समय सरकारले अगाडि बढाएका विषय पनि टुंगोमा नपुग्ने संकेत देखा परेका छन् ।

### संकटकालकै...

अर्थात् राजनीतिक गतिविधि यो क्षेत्रमा गर्न पाइनेछैन । विराटनगरलाई केन्द्र बनाएर विभिन्न समूहको विरोध जुलुस भइरहेकाले दुई महिना लामो निषेधाज्ञा जारी गरिएको प्रशासनले जनाएको छ । सूचनामा उल्लेख नभएपनि प्रदेशको नामाकरणप्रति असन्तुष्टहरुको संभावित आन्दोलन रोक्न निषेधाज्ञा जारी गरिएको बुझ्न गाह्रो पर्दैन ।

गएको १७ फागुनमा प्रदेशको नाम कोशी राखिएपछि पहिचान पक्षधरले विरोध प्रदर्शन गरिरहेको छ । बीचमा बर्षाको समय भएको भन्दै मत्थर देखिएको विरोध प्रदर्शन फेरि चर्काउने तयारी भएपछि प्रशासनले निषेधाज्ञा लगाएको हो । प्रदेशको नाम संशोधनको मागसहित भएको प्रदर्शनमा चैत पहिलो साता एक प्रदर्शनकारी (पदम लिम्बु) को मृत्यु भएको थियो ।

फेरि पहिचान पक्षधरले आन्दोलन चर्काउने संभावना बढेपछि दुई महिने लामो निषेधाज्ञा लगाएको छ । जबकी आन्दोलनरत पक्ष वार्तामा समेत यसअघि बसिसकेको छ । वार्ताप्रति सकारात्मक आन्दोलनरत पक्षको माग सम्वादबाट हल गर्नुको साटो प्रशासनबाट विज्ञप्ति जारी गरी लगाएको दुई महिने निषेधाज्ञाले संकटकालकै झल्को दिएको छ ।

किनकि आन्दोलनरत पक्षहरुले राजनीतिक माग राखेर प्रदर्शन गरिरहेकककका छन् । उनीहरुको राजनीतिक माग वार्ताको माध्यमबाट हल गर्नुको साटो प्रशासनिक केन्द्रलाई जोगाउनेगरी निषेधाज्ञाको नीति अवलम्बन गरिएको छ ।

जबकी प्रमुख राजनीतिक दलहरु आफैले पहिचान पक्षधरको आन्दोलनलाई समर्थन गर्दै आएका छन् । कोशी नाम राख्न हस्ताक्षर गरेपनि नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्र पछि हटिसकेको छ । जनता समाजवादी पार्टी (जसपा) र नेकपा एकीकृत समाजवादी कोशी नाम राख्ने निर्णयको विपक्षमा छन् । अहिले कोशीको पक्षमा देखिएको राजनीतिक शक्ति भनेको नेकपा एमाले र राप्रपा मात्रै हुन् ।

### विभिन्न...

अनुसार विभिन्न जिल्लास्थित प्रहरी कार्यालयबाट एक हजार एक सय ३४ जनाको उद्धार गरिएको छ । ब्यूरोले आफ्नो पहलमा पाँच सय ४४ जनाको उद्धार गरिएको जनाएको छ । उद्धार गरिएकामध्ये एक हजार ७८ महिला तथा ६ सय पाँच पुरुष रहेका छन् ।

आर्थिक वर्ष २०७८/०७९ मा बेचबिखनमा परेकामध्ये २ सय १४ जनाको उद्धार गरिएको प्रहरी वरिष्ठ उपरीक्षक श्रेष्ठले बताए । यस्तै आर्थिक वर्ष २०७९/०८० मा ३ सय ३६ जनाको उद्धार गरिएको थियो । वैदेशिक रोजगारीका नाममा बेचबिखन बढ्दो रहेको उनले बताए ।

### सरकारबारे...

एमालेसँग मिल्न जान सक्ने अवस्था नभएको उनले जिकिर गरे । सम्भावना नेपालमा धेरै कुराको हुने जनाउँदै उहाँले अब कांग्रेस एक्लै हिँड्नुपर्ने बताए । सच्चा कांग्रेस एक भएर लाग्नुपर्ने समय आएको उनको भनाइ थियो । पछिल्लो समय नयाँ शक्ति उदाउनुमा नेतृत्वको कमजोरी रहेको उनको आरोप छ ।

कांग्रेसका नेता बिमलेन्द्र निधिले पनि डा. शशांकले झैं संसद र सरकार दुबैमा स्थिरता हुनुपर्ने बताएका छन । आईतबार नेपाल प्रेस युनियनले जनकपुरधाममा आयोजना गरेको पत्रकार सम्मेलनमा कांग्रेसका नेता निधिले देश विकासका लागि राजनीतिक स्थिरता आवश्यक रहेको औंल्याए । उनले देशमा कुनै एक पार्टीको बहुमतको सरकार नभएकाले गठबन्धनमा बनेको सरकारले स्थिर रुपमा काम गर्न आवश्यक रहेको बताए ।

# सरकार र चिकित्सक संघबीच ६ बुँदे सहमति




**काठमाडौं/मस-** सरकारी पक्ष र आन्दोलरत नेपाल चिकित्सक संघ पक्षबीच ६ बुँदे सहमति भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा दुवै पक्षका टोलीबीच भएको वार्तामा छ बुँदे सहमति गर्दै आन्दोलरत चिकित्सकको सबै कार्यक्रम फिर्ता भएको छ ।

सहमति पत्रमा सरकारी वार्ताटोलीका संयोजक एवं मन्त्रालयका अतिरिक्त सचिव डा.विकास देवकोटा र आन्दोलनरत पक्षबाट चिकित्सक संघका अध्यक्ष डा.अनिलविक्रम कार्कीले हस्ताक्षर गरेका छन् ।

सहमतिअनुसार यही भदौ २७ गते सञ्चो अस्पताल हेटौंडामा कार्यरत रहेका चिकित्सकद्वय डा.विकास थापा र डा.प्रशान्त विडारीमाथि आक्रमणमा संलग्न भएका दोषीहरूलाई तत्काल पक्राउ गर्ने र पक्राउ परेका चारजना, पक्राउ पुर्जी जारी भएका पाँचजनासहित दोषीहरूलाई स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ (पहिलो संशोधन ऐन, २०७९) अनुसार कारबाही गरिने भएको छ ।

यस्तै स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ (पहिलो संशोधन ऐन, २०७९) को प्रभावकारी कार्यान्वयन गर्न सरकारका सरोकारवाला निकायहरू प्रतिबद्ध रहने, सोही ऐन (पहिलो संशोधन ऐन, २०७९) को दफा ५ बमोजिमको स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षा समन्वय समितिलाई स्वास्थ्य मन्त्रालयले सक्रिय बनाउन मासिकरूपमा बैठक बस्ने व्यवस्था गर्ने सहमति भएको छ ।

यसैगरी ऐनको कार्यान्वयनका लागि सरोकारवालालाई स्वास्थ्य क्षेत्रको संवेदनशीलतालाई मनन गरी सोहीअनुरूप सचेतनामूलक कार्यक्रम मन्त्रालय र संघले यसै आर्थिक वर्षदेखि शुरु गर्ने, चिकित्सकको सेवा सुविधा, सुरक्षा, जनशक्ति परिचालन, क्षमता अभिवृद्धि तथा विदेशिने प्रवृत्ति कम गर्नेलगायतका समस्या समाधान गर्ने गरी तीन महिनाभित्र चिकित्सक सेवासम्बन्धी विधेयकको मस्यौदा तयार गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने पनि सहमति भएको छ ।

सरकारी वार्ता समितिमा गृहमन्त्रालयका सहसचिव केदारनाथ शर्मा, कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव निर्मला अधिकारी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सहसचिव संगीता ओझा र स्वास्थ्य मन्त्रालयका सहसचिव रमेशकुमार केसी रहेका थिए ।

आन्दोलनरत चिकित्सक संघबाट अध्यक्ष डा कार्कीसहित उपाध्यक्षद्वय डा.नन्दा गुरुङ, डा.प्रकाश बुढाथोकी, डा.प्रशान्त भट्ट र महासचिव डा.सञ्जीव तिवारी रहेका थिए। आइतबार अपराह्न १२ बजेदेखि शुरु भएको वार्ता सात घण्टासम्म चलेको थियो । चिकित्सकमाथिको आक्रमण गर्नेलाई कारबाहीको माग गर्दै आज देशभरिका स्वास्थ्य संस्था आकस्मिक सेवा बाहेकका सबै सेवा संघले बन्द गराएका थिए ।

# बरहथवालाई साक्षर नगरपालिका घोषणा गर्न अन्तरक्रिया

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, ३१ भदौ



सर्लाहीको बरहथवा नगरपालिकालाई साक्षर नगरपालिका घोषणा गर्न आइतबार सरोकारवालासँग अन्तरक्रिया गरिएको छ ।

प्रत्येक वडाबाट निरक्षर व्यक्तिहरुको तथ्यांक संकलन गरी व्यक्ति प्रणाली, समुह प्रणाली, परिवार साक्षरता प्रणाली र कक्षागत प्रणालीबाट महिला स्वयंसेवक परिचालन गरी निरक्षर व्यक्तिहरुलाई साक्षर बनाउने अभियानमा जुट्न सरोकारवालाहरुलाई आयोजकले अनुरोध गरेको छ ।

यसै गरी बरहथवा नगरपालिकालाई साक्षर बनाउन साक्षर बरहथवा अभियान कार्यतालिका पनि सार्वजनिक गरिएको छ । कार्यतालिका अनुसार असोज ७ गते निरक्षर व्यक्तिहरुको तथ्यांक संकलन गर्ने, असोज १२ गते निरक्षर व्यक्तिहरुको तथ्यांक कम्प्युटरमा प्रविष्ट गर्ने, असोज १४ गते कक्षा सञ्चालन गर्न रणनीति तयार हुने, असोज १८ गतेदेखि मंसिर १८ गते सम्ममा साक्षरता विस्तार गर्न २ महिने कार्यक्रम सञ्चालन गर्ने, मंसिर १९ र २० गते प्रमाणीकरण, मंसिर २१ तथा २२ गते साक्षर पालिका घोषणा गर्ने कार्यतालिका सार्वजनिक भएको बाल विकास नेपालका अध्यक्ष वीरेन्द्र रायले जानकारी दिए ।

१५ देखि ६० वर्ष उमेर समुहका निरक्षर व्यक्तिको जम्मा संख्या मध्ये ९५ प्रतिशत वा सोभन्दा बढी जनता साक्षर भएसँगै नगरपालिकालाई साक्षर घोषणा गर्न सकिने प्रावधान रहेको छ । वि.स.२०७८ सालको जनगणना अनुसार बरहथवा नगरपालिकाको कुल जनसंख्या ८१ हजार १ सय २० रहेको छ भने नगरपालिकामा जम्मा १८ वटा वडा रहेको छ ।

बरहथवा नगरपालिकाको आयोजना तथा बाल विकास नेपालको सहजीकरणमा आयोजित उक्त कार्यक्रमलाई मलंगवा नगरपालिकाका शिक्षा शाखा प्रमुख प्रमोद मण्डलले सहजीकरण गरेका थिए । कार्यक्रममा नगर प्रमुख कल्पना कुमारी कटुवाल, प्रमुख प्रशासकीय अधिकृत मदन थापा, शिक्षा शाखा प्रमुख अनिल साह, विभिन्न वडाका वडा अध्यक्ष, पत्रकारलगायतका सहभागीता रहेको थियो ।

# 'शंकरदेव क्याम्पसलाई म्यानेजमेन्ट विश्वविद्यालयको रुपमा विकास गरिन्छ'



**काठमाडौं/मस-** कानून, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले शंकर देव क्याम्पसलाई म्यानेजमेन्ट विश्वविद्यालयको रुपमा विकास गर्न आफ्नो सक्दो सहयोग रहने बताएका छन् ।

शंकर देव क्याम्पस पूर्व विद्यार्थी समाजको तेस्रो साधारणसभा तथा अधिवेशनको उद्घाटन सत्रलाई शनिबार सम्बोधन गर्दै उनले शंकर देव क्याम्पस म्यानेजमेन्टको पायोनियर कलेजमा रुपमा रहेको बताए ।

बागमती प्रदेशसभा सांसद तथा पूर्व मन्त्री दिपेन्द्र श्रेष्ठले शंकर देव क्याम्पसलाई म्यानेजमेन्ट विश्वविद्यालयको रुपमा विकास गर्नका लागि प्रदेश सरकारसँग जग्गा उपलब्ध गराउन तथा आवश्यक पूर्वाधारका हरेक विषयमा सहयोग रहने बताए ।

मन्त्री गुरुङले पनि सांसद दिपेन्द्र श्रेष्ठले राखेका विषयमा पूर्ण सहयोग रहने बताए ।

कार्यक्रमलाई सम्बोधन गर्दै पूर्व मुख्य सचिव लिलामणी पौडेलले शंकर देव क्याम्पसलाई पायोनियर स्वायत्त कलेज बनाइ विश्व बजारमा व्यवस्थापनको पायनियर कलेजका रुपमा विकास गर्नुपर्ने अवधारणा राखेका थिए । उनले आफुपनि शंकरदेव क्याम्पसको पूर्व विद्यार्थी भएको र पूर्व विद्यार्थी समाजले गरेका हरेक गतिविधिमा नजिक रहेर सहयोग गरिरहेको बताए ।

शंकर देव क्याम्पसका पूर्व सभापति शुभराम बस्नेतले पूर्व विद्यार्थी समाज शंकरदेवका अध्यक्ष राजिव विक्रम थापाको नेतृत्वमा भवन निर्माणदेखि कोभिडको समयमा पहिलो कलेजका रुपमा अनलाइन टिचिङ व्यवस्था तथा विद्यार्थीहरुलाई विभिन्न कम्पनीमा इन्टर्नशिपको व्यवस्था गरी म्यानेजमेन्टमा अब्बल कलेको रुपमा स्थापित गर्न सहयोग गरेको बताए ।

उक्त कार्यक्रममा पूर्व मन्त्री तथा सांसद हृदयराम थानी, पूर्व सांसद नवराज सिलवाल, स्ववियू सभापति सुशान्त बस्नेत तथा क्याम्पस प्रमुख कृष्ण आचार्यले साधारणसभाको सफलताको शुभकामना दिएका थिए ।

साधारणसभाको बन्दसत्रमा पूर्व विद्यार्थी समाज शंकरदेवका अध्यक्ष राजिव विक्रम थापाले अध्यक्षको प्रतिवेदन तथा कोषाध्यक्ष कन्हैया भक्त राजभण्डारीले कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत गरेका थिए । साधारणसभामा विधान संशोधनका लागि पेस गरेको प्रतिवेदन पनि सर्वसहमतिमा पास गरेको थियो । कार्यक्रमको सञ्चालन पूर्व विद्यार्थी समाज सदस्य अञ्जना अर्याललले गरेकी थिइन् ।

शंकर देव क्याम्पस पूर्व विद्यार्थी समाजको तेस्रो साधारणसभा तथा अधिवेशनबाट अध्यक्षमा राजिव कुमार थापाको अध्यक्षतामा नयाँ कार्यसमिति निर्विरोध चयन गरेको छ । सचिवमा कन्हैया भक्त राजभण्डारी, कोषाध्यक्षमा अन्जना अर्याल निर्विरोध निर्वाचित भएकी छन् । यसैगरी सदस्यहरुमा शुभराम बस्नेत, प्रकाश महर्जन, अमृत कुमार पन्थी, सन्तोष गुरुङ, रजन के.सी., शिव पाठक, अन्जित खड्का र राजेश पाठक निर्विरोध निर्वाचित भएका निर्वाचन समितिका संयोजक डा. सजिव कुमार श्रेष्ठले बताए ।

## साउदीमा रोजगार |

कम्पनी: KAYAN MASHAA BIN AWAD AL-OTAIBI WOOD FACTORY
शहर: JEDDAH

पुर्व स्वीकृत मितिः २०८०/०५/३१ चलानी नं.: ६०२०७८२८ L.T. No.: 292644

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Truck Driver | 1 | 0 | | 1800 | ६३,७२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज ८ गते (25 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

AIS
श्रम ईजाजत पत्र नं. ०९९/०५३/००५४

### अन्नपूर्ण इन्टरनेशनल सर्भिसेज प्रा. लि.

पि.ओ.बक्स: ११११, सिनामंगल-९, काठमाडौं, नेपाल, (एयरपोर्ट नजिक), फोन: ०१-४५६६७३३, ०१-४५८५७३० मो: ९८५१०३०८०६
Fax No: 01-4566955, Email: cv.annapurna@gmail.com, Url: www.aisp.com.np

Right People For Right Job At The Right Time

## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी: M E S SECURITY SERVICES L.L.C.-BRANCH OF ABU DHABI I शहर: UAE
पूर्व स्वीकृत मिति: २०७९/०३/२३ चलानी नं.: ६०१८२७४० LT. No.: 266794 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 75 | 25 | स. काममा दक्ष | 2000 | ७२,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: BARARI NATURAL RESOURCES शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०३/२८ चलानी नं.: ६०२०४५८३ LT. No.: 289202 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Forestry Worker | 150 | 0 | स. काममा दक्ष | 800 | २८,८३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: ALABAAD ALKHAMSAH SECURITY SERVICES शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०५/२५ चलानी नं.: ६०२०५९७७ LT. No.:290613 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 80 | 20 | स. काममा दक्ष | 1200 | ४३,२४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० असोज ४ गते गते (21 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

FUTURE STAR MANPOWER PVT. LTD.
श्रम इजाजत नं.: ३९७/०६०/०६१

### फ्यूचर स्टार म्यानपावर (प्रा.) लि.

सामाखुसी, टाउनप्लानिङ्ग, काठमाडौं फोन: ०१-४३६०५७६, ४३५०७१९, ९८१०१०१८१०
Jhapa Birtamod :- ०२३-५४३७८४ ,९८१६९१५२८६, ९८२३१४५९५४
Email: futurestarmp397@gmail.com

## माईन्ड म्यानेजमेन्ट कार्यशाला
सफलता, शान्ति र आनन्दको लागि

मानसिक क्षमता वृद्धि, आत्म विकास, सकारात्मक सोच, नेतृत्व क्षमता विकास, अध्यात्मिक ज्ञान तथा लाभ र सुखी जीवनको लागि हुन गइरहेको यस कार्यक्रममा स्वागत छ ।



"सफल हुने बहाना बनाउँदैन
बहाना बनाउनेले सफल हुँदैन"
आचार्य श्री स्वामी ध्रुव

शुल्क रू ६,000 /-

आयोजक: सृष्टी साधना केन्द्र, सानेपा
सम्पर्क: ९८४३४७४३९७

## ZERO COST RECRUITMENT IN MALAYSIA!!
## मलेशियामा शुन्य लागतको रोजगार !!

Free Visa, Free Ticket, Free Service Charge,Free Medical,Free Passport and Free Transportation, lodging and Meals (upon offering of job).
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, फ्रि राहदानी र निःशुल्क यातायात, आवास र खाना (छनौट पस्चात)

(Company Name) : ANSELL SEREMBAN SDN BHD Malaysia,SENAWANG
रोजगारदाता कम्पनी : एनसेल सेरम्बान एसडिएन. बिएचडी. मलेशिया, सेनावाङ्ग

| पूर्व स्वीकृत मितिः २०८०/०५/३१ | चलानी नं.: ६०२०७८१९ | एल टी नं.: २९२६३६ |
|---|---|---|
| Pre Approval Date: 2023/09/17 | Consignment No.: 60207819 | L.T. No.: 292636 |

| सि. नं S.N. | Post of Foreign Migrating Worker's कामदारको पद | Total No Of Demand माग संख्या Male पुरुष | Female महिला | Minimum Requirement न्यूनतम योग्यता | Monthly Basic Salary मासिक तलब MYR रिङ्गिट | NPR ने.रु. | Over time ओभरटाइम सुबिधा | Working Hour Per Day प्रतिदिन काम गर्ने घण्टा | Working Days Per Week हप्तामा काम गर्ने दिन | Annual Leaves बार्षिक बिदा | Food Facility खाना सुबिधा | Accomodation Facility बस्ने सुबिध | Contract Period करार अबधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 180 १८० | 0 | Basic Understanding of English speaking and writing साधारण अंग्रेजी लेख्न, पढ्न र बुझ्न सक्ने | 1500 १५०० | 42,525 ४२,५२५ | As per the company rules कम्पनीको नियम अनुसार | 8 Hours ८ घण्टा | 6 Days ६ दिन | As per the company rules कम्पनीको नियम अनुसार | No छैन | Yes छ | 2 Years दुई वर्ष |

| Domestic medical expenses borne by whom and how much does it Cost स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने | Abroad Medical Cost borne by विदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने | Domestic Foreign terminal Life insurance borne by whom and how much does it cost स्वदेशमा गरिने म्यादी जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the Premium Cost रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air Fare will Borne by whom and how much does it cost कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | Visa Fee will be borne by भिषा शुल्क कस्ले ब्यहोर्ने | Visa Stamping Cost will be borne by भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहोर्ने | Cost of Orientation and borne by अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने | Management of Welfare Fund कल्याणकारी कोष सम्बन्धी व्यवस्था | Rate Service Charge सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer: (1)Age 18 to 35 : NPR 3708/-, (2) Age 36 to 50 : NPR 4931/-, (3) Age 51 to 64 : NPR 9463/- रोजगारदाताले ब्यहोर्ने : (१) उमेर १८ देखि ३५: ने.रु.३७०८।-, (२) उमेर ३६ देखि ५०: ने.रु.४९३१।-, (३) उमेर ५१ देखि ६४: ने.रु.९४६३।- | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | NPR 700/- By the Employer ने.रु.७००।- रोजगार दाताले ब्यहोर्ने | NPR 1500/- By the Employer ने.रु.१५००।- रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने |

ANSELL SEREMBAN SDN BHD doesn't impose any Recruitment/Placement Fee for this employment.
एनसेल सेरम्बान एसडिएन. बिएचडी. ले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागू गर्ने छैन ।

Maven Recruitment Services Pvt.Ltd. does not use any Agent/Sub –Agent/ Third Parties Involvement/Intermediaries in our sourcing and Recruitment Process.
मेभन रिक्रुटमेन्ट सर्भिसेज प्रा.लि.कुनै पनि एजेन्ट, सव-एजेन्ट, तेश्रो पक्ष र मध्यस्तता रहेको छैन् र हामी हाम्रो भर्ती पत्रियमा यी माध्यमहरुको प्रयोग पनि गर्दैनौं ।

Note (नोट):
—आवेदकलाई कुनै पनि मध्यस्तताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । आवेदक (परिवारको सदस्य आफन्त/साथीभाई)ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन ।
—Applicants are requested to submit their application directly without using any mediator. Applicants (Family members/Relatives/Friends) are not required to make any payments for this employment.
—प्रि–अन्तर्वार्तामा समावेश भई सफल भएका आवेदक मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन् ।
—Only applicants who have been selected in Pre-Interview will be eligible for final Interview.

Pre interview will be conducted daily basis in our office Premises.
प्रि–अन्तर्वार्ता मेनपावर कार्यालय परिसरमा चलिरहेको छ ।

Final Interview will be conducted on 25 September

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी Information provided by the Department of Foreign Employment(DOFE) :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। 1.Confirm that visa is issued under your name २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble ३.यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । 4.Before going abroad orientation or induction training should be attended compulsorily ५.विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same ६.काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। 6.While going abroad use International Airport of Nepal or else you might be deceived ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला । 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

Maven Recruitment Services Pvt.Ltd. is committed to abide laws and principle guidelines of "ZERO COST " and "ETHICAL SOURCING/RECRUITMENT" providing equal opportunities treating fairly with the dignity in transparent way.
मेभन रिक्रुटमेन्ट सर्भिसेज प्रा.लि. ले "शून्य लागत" र "नैतिक स्रोत र भर्ती" को कानुनी सिद्धान्तलाई पालना गरी पारदर्शी र मर्यादित रुपमा समान अवसरको सेवा प्रदान गर्नको लागि प्रतिबद्ध छ ।

बैदेशिक रोजगारको लागि हाम्रो संस्थाले गर्दै आएको प्रकृयाहरु (दर्ता, छनौट, उडान) लगायत हाम्रो कार्य सम्पादन उपर कुनै गुनासो अथवा अन्य समस्याको अनुभुती गर्नु भएमा हामीलाई ईमेल mavenrs2017@gmail.com मा सिधा सम्पर्क गरी अथवा हाम्रो कार्यालयको सुझाव पेटिका मार्फत समेत प्रत्यक्ष वा अप्रत्यक्ष दर्ता गर्न सक्नुहुनेछ । गुनासोकर्ताको परिचय गोप्य राख्ने प्रतिवद्धताका साथ छिटो भन्दा छिटो तपाईहरुको गुनासो हरुलाई सम्बोधन गर्नेछौं ।
Any grievance regarding our services on foreign employment process (Registration, selection, flight, etc.), please let us know emailing us at mavenrs2017@gmail.com, or can be register complaint directly or indirectly by dropping in our suggestion box. We committed to keep identity anonymous and handel your concerns as soonest possible.

MAVEN
Gov. Lic No. 1081/073/074

### Maven Recruitment Services Pvt. Ltd.
साविकको : Baby Star International Pvt. Ltd.
Sinamangol-9 (Tara Hall Chowk), Kathmandu, Tel: 4592613 & 4594173, Fax: 4594173
Email: mavenrs2017@gmail.com, Web.: www.babystar.com.np

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!



TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
१ असोज २०८०, सोमबार
18 September 2023, Monday

सम्पादकीय

# विवेक गुमाएर विरोध

सरकारसँग ६ बुँदे सहमतिपछि चिकित्सकहरूले आन्दोलनका कार्यक्रम फिर्ता लिएको छ । गएको २७ भदौमा हेटौडास्थित एक अस्पतालका डाक्टरमाथि कुटपिट भएको विरोधमा चिकित्सक संघले देशभर स्वास्थ्य सेवा ठप्प पारेपछि वार्ता भएको थियो । आन्दोलनरत पक्षले सरकारी वार्ता समिति टोलीसँग ६ बुँदे सहमति गरेपछि ठप्प भएको स्वास्थ्य सेवा सञ्चालनमा आएको हो । चिकित्सकमाथि कुटपिट गर्नेमाथि कार्बाही गर्ने प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड आफैले प्रतिबद्धता जनाएका थिए । तर प्रधानमन्त्रीको प्रतिबद्धताप्रति विश्वास नगरी चिकित्सकहरूले देशब्यापी स्वास्थ्य सेवा बन्द गरे । चिकित्सक संघको आन्दोलनप्रति चर्को आलोचना भयो । आन्दोलनप्रति असन्तुष्टि देखिएपछि चिकित्सक संघले पनि सरकारसँग वार्ता गऱ्यो । पक्कैपनि सेवामा खटिएका चिकित्सकमाथि आक्रमण निन्दनीय हो ।

तर निन्दनीय कार्यमा संलग्नलाई कार्बाही गर्ने प्रधानमन्त्रीकै प्रतिबद्धता हुँदा समेत चिकित्सक संघले जुन रफ्तारमा देशभरको स्वास्थ्य सेवा अवरूद्ध गर्ने निर्णय भयो, त्यो पनि सही होइन । किनकि चिकित्सकहरूको सुरक्षा जति अर्थपूर्ण छ, नागरिकको स्वास्थ्य संवेदनशीलता उत्तिकै महत्वपूर्ण हो भन्ने बिर्सन मिल्दैन । अझ चिकित्सकमाथि आक्रमण र स्वास्थ्य सेवा अवरूद्ध गर्ने निर्णय बीचको समय धेरै दिन पनि होइन । तर यसअघि जस्तै चिकित्सक संघले आक्रमक निर्णय लिदै नागरिकको स्वास्थ्य संवेदनशीलतालाई हतियार बनायो । जे होस्, आन्दोलन फिर्ता भएको छ । तर स्वास्थ्यसँगै शिक्षालय बन्दको अर्को चेतावनी सामुन्ने आइरहेको छ । सरकारले ल्याएको विद्यालय शिक्षा ऐन संशोधन विधेयकको विरूद्धमा देशभरको विद्यालय ठप्प पार्ने चेतावनी शिक्षकहरूले दिएका छन् । उनीहरूको माग सम्बोधन नभए २ असोजमै उनीहरूले देशभरको विद्यालय बन्द गर्नेछन् ।

जबकी विद्यालय शिक्षा ऐन संशोधन विधयेकप्रति शिक्षकहरूको माग सम्बोधन गर्न आवश्यक समय छ । संसद् सचिवालयमा भर्खरै दर्ता भएको यो विधेयक संसदमा छलफल हुन नै बाँकी छ, अनुमोदन हुन समय लाग्ने नै छ । तर शिक्षकहरूले सबै कुरा बर्बाद भइसकेको शैलीमा लाखौं बालबालिकाले पढ्न नपाउनेगरी हड्तालमा उत्रदैछ । पक्कै पनि पेशागत सुरक्षाबारे आवाज उठाउने अधिकार संविधानले नै शिक्षक र चिकित्सकहरूलाई दिएको छ । त्यसको उपयोग गर्न पाउँछन् । तर आफ्नो आवाज उठाइरहँदा बिरामी र विद्यार्थीहरूको भविष्यलाई हठात् दाऊमा राख्नु उचित हुँदैन । आन्दोलनको पनि प्रक्रिया र शैली हुन्छन् । ती शैली अपनाउँदा पनि माग पूरा नभए अन्तिम अस्त्रका रूपमा हड्तालमा जानु पनि स्वभाविक हो । तर अहिले जस्तो प्रवृत्ति देखिएको छ, त्यो शैली विल्कुल सही होइन । एकपटक आन्दोलनको हतारो गर्नेले यो पक्षबारे सोच्न आवश्यक छ ।

# वास्तुशास्त्र र यसको महत्व

सन्दर्भ : वास्तु दिवस



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

हरेक वर्ष हामी असोज १ गते विश्वकर्मा देवताको विशेष पूजा गर्छौं । वास्तु दिवसका रूपमा हेर्छौं सो दिनलाई । आधुनिक संसार त मेसिनमय भइसकेको छ, यस दिन मेसिन, कल, कारखाना सफा राख्ने गर्छौं । मानिसले प्रशस्त आर्थिक विकास चाहेको हुन्छ । न्यूनतम आवश्यकतादेखि सम्पन्नता र विलासिताको जीवनशैलीसम्म मानव जीवनमा अर्थको धेरै महत्व हुन्छ । अर्थ, अर्थोपार्जन र अर्थको उपयोगदेखि उपभोगसम्मको अध्ययन र विश्लेषण अथर्ववेदले गर्दछ । अथर्ववेदको वास्तुशास्त्रले वस्तुको ज्ञान र विज्ञानको उपयोगितालाई महत्व दिन्छ ।



धन, वैभव, उत्पादन र वितरण, रोजगारीको सिर्जना, आर्थिक लगानी, त्यसको प्रतिफल, आर्थिक वृद्धिदर, पदार्थको अत्याधिक प्रयोग, घर, भवनहरूको सजावटमा विभिन्न धातुहरूको प्रयोग र तिनको व्यवस्थित, फलाम, काठ, सिसा, माटो, ढुंगा आदिको प्रयोगको अध्ययनदेखि तिनको गुणस्तर, भूमिशोधन, भूमिको शल्यक्रियासम्म र त्यसको समय मापनसम्मको अध्ययन कार्य वास्तुशास्त्रले गर्दछ । वास्तु अध्ययनले औद्योगिक क्षेत्रको लागि सुहाउँदो वातावरण, त्यसको अनुकूलको भवन निर्माण, आवासीय प्रबन्ध, विद्युतीकरण, अन्य इलेक्ट्रोनिक्स विषयको व्यवस्थापन, एयर कण्डिसन, रेफ्रिजिरेटर, व्यापारिक कार्यक्षेत्र, उद्यमशिलताको वातावरण, पर्यटन प्रवर्द्धनदेखि ताल तलैयाको व्यवस्थिति र मठमन्दिर-प्राचीन स्मारकहरूको अनुसन्धान, शिल्पी कार्यसम्म र ती सबै वस्तुहरूको रखाइ, सजावटपद्धति, विधान र प्रक्रियासमेतलाई व्यवस्थित गराउन प्रेरित गर्छ ।

बैंकिङ्ग क्षेत्रका लागि सेवा दिने भवनहरू, सेवाग्राहीहरूले सेवा लिन सक्ने वातावरणको पहिचान, आधुनिक पाठशालाहरूको निर्माण, प्रयोगशालादेखि सभागृह, कक्षाकोठा तिनको सजावटका विषयदेखि घर, महलहरूमा हुने आधुनिक शौचालय तिनको आकार प्रकारसम्मको अध्ययन वास्तुशास्त्रले गराउँछ । ग्राम, नगर, नगरोन्मुख स्थितिदेखि आधुनिक सरसफाइसम्म र उच्च राजमार्गहरूको लागि आवश्यक पूर्वतयारी समेतको सजगता यस शास्त्रले बताउँछ । आधुनिक ढल, पानी प्रशोधनको विषय, विकासको लहर, समानुपातिक वितरणसम्मको कार्यक्षेत्र अंगालेको अथर्ववेदलाई बिर्सेर हामीले आर्थिक कल्याण गर्न सक्दैनौ । आर्थिक विकास नहुँदा, आर्थिकस्तर बृद्धि नहुँदा समग्र राष्ट्र विकास र निर्माण कार्य नै पछि पर्न जान्छ ।

अथर्ववेदअन्तर्गतको स्थापत्यवेद वास्तुशास्त्रझैं मानव जीवनमा सामवेदको पनि उत्तिकै महत्व छ । सर्वप्रथम वास्तु अध्ययन र यसको पद्धतिमा रहेर व्यक्तिले जीवन सञ्चालन गर्ने क्रममा उसलाई मनोविनोद पनि आवश्यक हुन्छ, क्रीडा, समयको परिपालन, उत्साह, नवीन ऊर्जा, श्रीवृद्धिका साथमा संगीत, कला, साहित्य, इन्द्रिय भोगको चिन्तन, प्यारो वस्तुको परिकल्पना, गतिशील सोचाइ, ठाउँ, परिवेश र समयअनुसारको इच्छा र आकांक्षाहरूको पूर्ति, यी सम्पूर्ण कार्यक्षेत्र सामवेदका हुन् । अथर्ववदेको विश्वासले सामवेद प्रयोगस्थल- पूजाकोठा, अथर्ववेदको प्रयोगस्थल- बैठक कोठा र भान्छाकोठा, ठीक र व्यवस्थित नभए घरभित्र र घर बाहिरको वातावरण ठीक हुँदैन । घर सजावटमा व्यक्तिको आफ्नै चाहना भए पनि पद्धति र परम्परा अनि प्रक्रिया व्यवस्थित नभए सोचे जति ज्ञान र विज्ञानको सदुपयोग हुन सक्दैन ।

मानव जीवनमा पुरुषार्थ आवश्यक हुन्छ । शुरता, वीरता, रक्षा, शान्ति र सद्भाव, भाइचारा, स्नेह, दया, करुणा, आत्मवल, पराक्रम, परिपक्वता जीवनका अपरिहार्य आधारहरू हुन् । नेतृत्वको चयन, सक्षमता, कुशल नेतृत्व, मान पदवी, प्रतिष्ठा सारा गौरव यजुर्वेदका कायक्षेत्रहरू हुन् । आत्मशान्ति, धर्मको भावनात्मक पक्ष, कर्तव्यपरायणता, उपकारीभावले व्यक्ति, समूह, समुदाय र राष्ट्रसेवामा समर्पित हुनु राष्ट्रनिर्माण र पुनःनिर्माणमा समर्पित हुनु ऋग्वेदका गुणहरू हुन् । यसरी हाम्रा पूर्वज वेदका ज्ञाता पैल, वैशम्पायन, जैमिनि, सुमन्तु आदि मन्त्र द्रष्टा ऋषिहरूको समष्टि वेद र वेदले स्थापना गरेको वास्तुपद्धति आजको समयमा झन् बढी महत्वपूर्ण बनेको छ ।

औद्योगिक भवन, कल कारखाना, व्यापारिकस्थल सकेसम्म पूर्व, उत्तर वा ईशान कोणतर्फ फर्केको हुनु लाभप्रद छ । औद्योगिक स्थलहरूको वायव्यतर्फको ढोकाबाट तयारी सामान निष्कासन गर्न सके उत्पादित सामानहरूको वितरण छिटो-छिटो हुन्छ । औद्योगिक उत्पादन स्थलभन्दा कार्यालय भवन उत्तर या पूर्व दिशामा राख्नुपर्छ । कारखानाको आकार वा उचाइभन्दा प्रशासनिक कार्यालयको आकार उचाइ ठूलो वा अग्लो हुनुहुन्न । आफ्ना सेवाग्राही वा ग्राहकसँग व्यापारिक वा आर्थिक कुराकानी गर्दा उत्तर या उत्तर पूर्व या पूर्व मुख फर्की गर्नुपर्छ । यसो गर्दा बढी लाभ हुन्छ ।

औद्योगिक कारखानाका मेसिन, उपकरणहरू कारखानाको नैऋत्य, पश्चिम या दक्षिणतर्फ राख्नुपर्छ । कच्चा पदार्थलगायत सबै गह्रौं सरसामग्रीहरू दक्षिण या पश्चिम दक्षिणतिर राख्नु पर्छ । उत्पादित तयारी सामान भने वायव्यतिर

*चार वेदमध्ये अथर्ववेदको उपज हो स्थापत्यवेद । स्थापत्यवेदको उपज हो वास्तुशास्त्र । वास्तुशास्त्रले पुराणसँग प्रत्यक्षत: सरोकार राख्ने गर्छ । वास्तुशास्त्रको विषय वास्तुकला हो, कलाकारिता हो, कार्यकौशलता हो र मानवसभ्यता पनि हो । जसले समग्रमा मानव जीवनलाई सहज र सरल बनाउन भूमिका खेल्दछ ।*

राख्नुपर्छ । बिजुलीका सरसामान, जेनेरेटर, ब्वाइलर, मिटर, ऊर्जासम्बन्धी सरसामान अग्निको दिशा आग्नेयतर्फ राख्नुपर्छ । कुलर भने पश्चिम वायव्यतिर राख्नुपर्छ । चिम्नी भट्टीहरूको व्यवस्था भने आग्नेयतिर गर्नुपर्छ । यसो गर्दा पूर्व आग्नेय अग्लो हुने स्थिति निराकरणका लागि चिम्नीभन्दा अग्लो कुनै सामान पानी ट्यांकी वा लट्ठा नैऋत्यतर्फ राख्दा वास्तुदोष कम हुन्छ ।

घर, कार्यालय, व्यापारिक महल वा सार्वजनिक निर्माण कार्य गर्दा पूर्व, उत्तरतर्फ सकेसम्म बढी खुल्ला गर्नुपर्छ । पानी ट्यांकी, धारा, जमिनमुनिको पानी आपूर्तिस्थिति आदि पूर्व उत्तर क्षेत्रमा नै राख्नुपर्छ । बरण्डाहरू पूर्व वा पूर्व उत्तर बढी हुनुपर्छ । तल्लापिच्छे पिउने पानीको प्रबन्ध उत्तर पूर्वतर्फ नै गर्नुपर्छ । पूजा कोठा पनि पूर्व उत्तर नै गर्नुपर्छ । अण्डर ग्राउण्ड भवनहरू बनाउँदा पनि पूर्व, उत्तर, ईशानतर्फ नै फर्काउने कोशिस गर्नुपर्छ । सवारी पार्किङ्ग पनि पूर्व उत्तर नै राम्रो हुन्छ । अण्डर ग्राउण्डमा पनि दक्षिण पश्चिम क्षेत्र अग्लो नै हुनुपर्छ । पश्चिम दक्षिण दिशातर्फ अग्लाई बढी, खुल्लाक्षेत्र कम र पूर्व उत्तरतर्फ होचाइ बढी र खुल्लाक्षेत्र पनि बढी नै हुनुपर्छ । भवनका सिँढीहरू, लिफ्ट दक्षिण वा दक्षिण पश्चिमतिर नै हुनुपर्छ । व्यापारिक पसलहरूमा सर सामान सजाउँदा दक्षिण पश्चिमतिर अग्ला र गह्रौं सामानहरू राख्नुपर्छ । उत्तर पूर्वतिर होचा र हलुका सामान राख्नुपर्छ ।

पसलमा देवदेवीको मूर्ति राख्दा ईशान दिशामा राख्नुपर्छ । मूर्तिका पीठ भाग पूर्व र मुखभाग पश्चिमतिर फर्केको हुनुपर्छ । सटरहरू धेरै भए पूर्व उत्तर मुख फर्केको सटरलाई बढी समय खुल्ला राख्नुपर्छ । पसलको भुइँ पनि उत्तर, ईशान वा पूर्वतिर केही होचो हुनुपर्छ । प्रवन्धक, मालिक वा औद्योगिक, व्यापारिक भवनका मुख्य व्यक्ति निर्देशकको कोठा दक्षिण पश्चिमतिर हुनुपर्छ र मुख भने पूर्व उत्तरतिर फर्कने गरी बस्ने प्रबन्ध मिलाउनुपर्छ । कोठाका ढोकाहरू पनि पूर्व उत्तरतर्फ नै वढी हुनुपर्छ ।

चार वेदमध्ये अथर्ववेदको उपज हो स्थापत्यवेद । स्थापत्यवेदको उपज हो वास्तुशास्त्र । वास्तुशास्त्रले पुराणसँग प्रत्यक्षतः सरोकार राख्ने गर्छ । पुराण १८ वटा र तिनका उपपुराणहरु पनि १८ वटै छन् । पुराण भनेपछि पुराना कुरा भनेर नाक खुम्च्याउने संस्कृति हुर्केको छ । पूर्वीय शास्त्र, पुराण, आगमशास्त्र, वेदको अध्ययन हिजोआज जर्मनीमा हुने गरेको छ । एसियाका सम्भ्रान्त मुलुकहरु थाइलैण्ड, सिंगापुर, चीनमा यसको खोजी बढेको छ । भरतखण्ड, जम्बुद्वीप, भारतवर्ष त यसको केन्द्रीय भाग हुँदै हो । वेद, पुराणका रचयिता व्यास, पराशर, वशिष्ठ आदिका तपस्थली नेपालको भूभाग हो तिनका नामबाट हिजोआज क्षेत्र, नगर, ग्राम, उद्यानहरुको नामकरणसमेत भएको पाइन्छ । नामकरण मात्र भएर तिनको जगेर्ना हुन सक्दैन । किन्तु नाम अनुसार कार्य गर्नु पनि हाम्रो दायित्व हो ।

मनुस्मृतिले सामाजिक व्यवस्थापन र सन्तुलन कायम राख्न अनेकौं प्रयास गरेको छ । मनुस्मृतिले नै स्त्रीहरुको रक्षा, संरक्षणदेखि स्त्रीहरुको पूजा हुँदा देवताहरु प्रसन्न रहने बताएको छ । असहाय, दीन, दुःखीहरुको सेवालाई मानवधर्म बताएको छ । मत्स्यपुराण, अग्निपुराणले वास्तुशास्त्रको थप चर्चा गर्दै गृह निर्माण, आकार, प्रकार, प्रवेश समय, जीर्णोद्धारका विधि, मानव जीवनवरिपरि रहने मठ, मन्दिर तिनको आकार, प्रकार, आयु, प्रतिष्ठा र प्रवेश विधि, निषिद्ध वस्तुहरु, तिनको पूजा पद्धति, प्रक्रिया, योग्यता, दिशा निर्धारण, तौल, उचाइ, गुणस्तर र तिनका सबल एवम् दुर्बलपक्ष, कमी कमजोरीबाट हुने सम्भावित खराबी र तिनको उपचारात्मक र प्रबर्द्धनात्मक सबै कुराहरुको दृष्टि गोचर गरेको छ ।

ज्योतिषविद्या तिनका स्वरूप, गति निर्धारणदेखि दैवी ऊर्जा र सकारात्मक ऊर्जा प्राप्त गर्न घर, भवन निर्माणको थालनी, सर्ने समय र प्रक्रिया, शिलान्यास र वास्तुविधि, झ्याल, ढोकाको स्वरूप र गुणस्तर, घरको स्वरूप, उचाइ, जमिनको शल्यक्रिया र उपचार, तलाको स्वरूप, जग खन्दा अपनाउनुपर्ने विषयदेखि घरको स्वरूप तयारपछि गृहप्रवेशसम्म, प्रक्रिया, शुभसंकेत र घर निर्माणपछि घरपरिवारको कल्याण, आयु, श्री, कीर्ति वृद्धि, सम्पत्तिको रखाइ, सेफको स्वरूप, तौल, दिशा निर्धारणदेखि सौभाग्य लक्ष्मीको, भोगलक्ष्मीको, आयुलक्ष्मीको, कीर्तिलक्ष्मीको, यशवृद्धिदेखि उपकारसम्म र दानको महिमादेखि स्वस्थ जीवनशैलीसम्मको चर्चा गरेको छ । तनमा कान्ति, मनमा शान्ति कायम गरी जीवनमा यश, आनन्द र परमानन्द प्राप्तिको अवस्थासमेतको बोध गराएको छ । मानवजीवन पशुपंक्षीझैं केवल बाँच्नुमात्र नभएर बचाउनु पनि हो । अतएव उपकार, सेवा, प्रतिष्ठा, सामाजिकीकरणसम्मका कार्यहरुमा वैदिक ग्रन्थहरुले जोड दिएका छन् । अथर्ववेदले अर्थशास्त्रको अध्ययन, सम्पत्तिको अध्ययन सदुपयोगको अध्ययन गरेको छ । भोगशास्त्र भएर पनि योगशास्त्रको रूपमा भौतिक सम्पत्तिलाई प्रयोग गर्ने गरी सरसल्लाह दिने अथर्ववेदले स्थापत्य वैदिक परम्पराअनुसार वास्तुशास्त्रको यथार्थ पहिचान, अध्ययन, विश्लेषण गरी मानवजीवनलाई इहलौकिक सुख सन्तोषका साथै पारलौकिक सुख आनन्दप्राप्तिको मार्गसमेत प्रशस्त गरेको छ ।

स्थापत्यवेदको सामान्य अध्ययनले वास्तुशास्त्रको विश्लेषण पूरा हुँदैन । वैदिक समूहको सम्पूर्ण शास्त्रहरुको सामान्य जानकारी हुन जरुरी छ । सम्पूर्ण आगमशास्त्रहरु यसका हाँगाबिँगाहरु हुन् । चार वेदको सार पाचौं वेद महाभारत हो । महाभारतको उद्योगपर्व, वनपर्वहरुले जीवन र जगत्को विशद् चर्चा गरेका छन् । भविष्यपुराण, देवीभागवत, आयुर्वेदशास्त्र यसको चरकसंहितादेखि ऋग्वेद, यजुर्वेद र सामवेदसम्मको सामान्य जानकारी पनि जरुरी छ । सामवेदको उपज हो- संगीत, कला, नृत्य, गायन, वाद्यवादन, संगीतका स्वर, ध्वनिदेखि संगीत र कलाका आदिम साधन बाँसुरी, मुरलीदेखि आधुनिक साजसज्जा सहितका यन्त्रउपकरणहरु । वास्तुशास्त्रको विषय वास्तुकला हो, कलाकारिता हो, कार्यकौशलता हो र मानवसभ्यता पनि हो । उद्देश्यका बिन्दुहरुसम्म पुग्न मानवजीवन साधनामय हुन जरुरी छ । यस्ता ग्रन्थ, पुराणहरुको अध्ययन विश्लेषण, तिनको पद्धति पूजाप्रक्रिया, घरभित्र र घरबाहिर वैदिकचिन्तनको प्रभावकारिता तिनको उपयोग, राख्ने ठाउँ, पूजाकोठादेखि पूजक बस्ने क्षेत्र, उपचारात्मक पूजापद्धति तिनका सरसामग्रीहरुको सूची, समय, सन्ध्यावन्दनका कुरा, बिहानीदेखि सन्ध्यासम्मका प्रक्रिया, रात्रिको अवस्थासमेत सबै विषयवस्तुहरुको सामान्य जानकारी हुन जरुरी छ । आयुर्वेददेखि आधुनिक विज्ञानसम्म र गणित शास्त्रदेखि ज्योतिष विद्यासम्मका सामान्य जानकारी वेदज्ञ, कलापारखी, संगीतज्ञ, धर्मज्ञ, मर्मज्ञ, शास्त्रज्ञ, पौराणिक चिन्तक, पथप्रदर्शक, मानवविज्ञानका सामान्य एनोटोमीदेखि गृहभित्र र घरबाहिरको परिवेश, परिस्थितिको विश्लेषक, कुशल, स्पष्टवक्ता, धीर, बुद्धिमान्, योगवेत्ता, ध्यानी, ज्ञानी, देवताको उपासक सुलक्षणले युक्त व्यक्ति वास्तुशास्त्रको पारखी हुन सक्छ ।

## सामाजिक सञ्जाल



\- सुर्यराज आचार्य

विद्यालय शिक्षा नाफामूलक निजी 'उद्योग'को क्षेत्र हुँदै होइन । राजनीति र समाजका ठालुहरुले नै शिक्षालाई नाफाखोर निजी व्यापार बनाए । यता सार्वजनिक विद्यालयका शिक्षकलाई दलका झोले कार्यकर्ता बनाए । अर्बौंको लगानी सरकारी स्कुलमा तर, अत्याधिक संख्याका विद्यार्थी पढ्ने निजीमा । सुधार सहज छैन !



\- सेतेमान तामाङ

लोकतन्त्रको सुन्दर पक्ष नै स्वच्छ प्रतिस्पर्धा हो । स्वच्छ प्रतिस्पर्धाको आधार नै सैद्धान्तिक विचारधारा र व्यवहारिक कार्ययोजनासहितको कार्यदिशामाथि संवाद गरी वैचारिकरूपमा जनमत निर्माण गरिने हो । तर अहिले आस्था र भावनामाथि उत्तेजना बनाई साम्प्रदायिक प्रहार गरी अराजकता निम्त्याएको छ ।



\- नवराज पन्त

नेपालमा दैनिक बचतमा बैंकले २.६३ प्रतिशत मात्र दिन्छ, त्यो पैसा ऋणीलाई १४.८ प्रतिशतसम्म लिएको पाइन्छ र क्रेडिट कार्डमा त २० प्रतिशतसम्म ठोक्छ । नेपालमा बैंक मात्यो वा मात्तिने बनाइयो ! काठमाडौंमा उत्पादनमूलक उद्योग छैन तर, टोलै पिच्छे बैंक र वित्तीय संस्थाका बोर्ड झुण्ड्याएको भेटिन्छ । कुरुप अर्थतन्त्र !



\- आशिशभद्र खनाल

राजाको पालामा के भयो ? अब मेरो चासोको विषय रहेन, ती गलत थिए भनेर ल्याएको गणतन्त्रमा नेताहरूले के गरे, त्यो चासोको विषय हो । आफूले गरेको गल्ती ढाकछोप गर्न राजाले त यसो गर्थे भनेर प्रचार गर्नु मुर्खता बाहेक केही होइन । जनताको निराशा बढ्दो छ, त्यसमा ध्यान दिनुपर्छ ।

# हामी आफैं भत्किनु र सुध्रिनुपर्छ

टिप्पणी



● नारायण गाउँले

*आज नबने भोलि बन्छ, तर बनाउने ठाउँका लागि भत्किनु जरूरी हुन्छ । द्रव्यपिशाच, लालची र स्वार्थी हुनुको हद नाघिसक्यौं हामीले । अब सुधार्ने होइन, उधार्ने नेतृत्व चाहिन्छ । पहिलो समस्या हामी आफैं हौं । एक पटक त हामी आफैं भत्किनु र अध्रिनु जरूरी छ ।*

आज गरिब छौं, ३०-४० हजार दर्शक अटाउने रंगशाला पनि नभएकाले पछि परेका छौं जस्तो लाग्छ ! तर, हाम्रो मूल समस्या रंगशाला होइन, ठाउँको हो, खुला र सार्वजनिक जग्गाको हो । एकदिन धनी बनेका दिन, बजेट जुटाउन सक्ने हैसियत बनेका दिन, रंगशाला नामको बिल्डिङ्ग त बनाउन सकिएला तर, बनाउने कहाँ ?

गौचरन भन्ने सुन्नुभएको छ ? सानो गौचरन, ठूलो गौचरन ? आम सर्वसाधारणले गाईवस्तु चराउन र खेलकुददेखि मनोरञ्जनसम्म गर्न मिल्ने ती खुला ठाउँहरू आज कहाँ होलान् ? के तपाईंलाई थाहा छ ? दशरथ रंगशाला मात्र होइन, पचासौं वर्षअघि हरेकजसो जिल्लामा सार्वजनिक उपयोग र खेलकुदका लागि 'रंगशाला'हरू बनाइएका थिए । धनगढीमा रंगशाला थियो, झापामा थियो, रुकुममा थियो र बागलुङमा पनि थियो । भौतिक संरचना थिएन होला, तर, रंगशाला चाहिन्छ भन्ने ज्ञान उहिल्यै थियो । हामीभन्दा पछिको पुस्ताका लागि खुला ठाउँ चाहिन्छ भन्ने हेक्का त थियो नि ! रंगशाला भनेर जिल्ला-जिल्लामा छुट्याइएका ठूला-ठूला चौर र खुला मैदानहरू आज कुन अवस्थामा छन् ? गौचरनहरू कसको कब्जामा पुगे होलान् ? हरेक जसो विद्यालयमा आधा दर्जन खेल एकै पटक खेलाउन सकिने आकारका चौर छुट्याइएका थिए । त्यो गाउँको पूरै जनसंख्या अटाउन सक्ने गरी मेला लगाउन पुग्ने ठाउँ विद्यालयसँग थिए । त्यहाँ प्रचण्ड गर्मीबाट बचाउने पीपल र समीका ठूला-ठूला रुखहरू बिर्सिनुभएको छैन होला ।

काठमाडौंमा ३०-४० हजार दर्शक अटाउने रंगशाला बनाउने ठाउँ नै बाँकी छोड्नेछौं हामीले । आज क्रिकेटको चर्चा छ, भोलि फुटबललाई अर्को ठाउँ चाहिएला । भोलि महानगरसँग पैसा होला । तर, बनाउने कहाँ ? यतिसम्म कि हिजो सहज पहुँच भएर घाम ताप्ने एउटा मात्रै टुँडिखेल पनि आज खोसिइसकेछ !

अब बन्ने रंगशालामा ३०-४० हजार मान्छे लाइन बस्न मिल्ने ठाउँ छोड्न पऱ्यो, पार्किङ्ग चाहियो, ट्रेनिङ्ग ग्राउण्ड र शौचालय चाहियो । डेढ-दुई सय रोपनी खाली जग्गा काठमाडौंमा खोइ त ? जात्रै जात्रा र मेलै मेलाको शहरमा २०-३० हजार मान्छे जम्मा भएर उत्सव मनाउने ठाउँ नै छैन । हिजोका विद्यालय सम्झिनुहोस् र आजका आधुनिक विद्यालयको नक्सा हातमा लिनुहोस् । मैदान र चौतारी त टाढाको कुरो, आगलागी या भूकम्पजस्ता आकस्मिक अवस्थामा सुरक्षाका लागि बाहिर निस्किन सक्ने खुला ठाउँ पनि त्यहाँ छैन । न तपाईंको टोल नजिक मर्निङ्ग वाकमा निस्किन या एकछिन जम्मा भएर स्वच्छ हावामा सास फेर्ने ठाउँ बाँकी छ । दुःख त केमा छ भने यो हुँदै नभएको होइन, कुनै बेला थियो ।

एउटा रंगशाला बनेर समग्र खेलकुद क्षेत्रको विकास हुने होइन । अरब खर्चेर एउटा क्रिकेट रंगशाला बन्ला । तर त्यहाँ देशका कति युवाले अभ्यास गर्न पाउलान् ? कति विद्यालयका विद्यार्थीले त्यहाँ क्रिकेट सिक्न पाउलान् ? अनि फुटबल, भलिबल, हकी, दौड जस्ता खेलकुदको विकास कसरी होला ? त्यसका लागि भौतिक संरचनाभन्दा पनि सजिलै र पायक पर्ने ठाउँमा खुला मैदान चाहिन्छ । ठाउँ-ठाउँमा पार्क र चौरहरू चाहिन्छ । पचास वर्षअघि सोचिएजस्तो गौचरन र रंगशाला चाहिन्छ । खेलाडी जन्माउने विद्यालयले हो र त्यहाँ व्यापार गर्ने सटर होइन, चौर चाहिन्छ ।

र, अझ मनकै कुरो बोल्ने हो भने यस्तो नेता चाहिन्छ, जसले सार्वजनिक जग्गा र खुला ठाउँको महत्व बुझोस्, पार्क र बगैंचाहरूको आवश्यकता बुझोस् र तुच्छ राजनीतिक स्वार्थका लागि भएका त्यस्ता खुला ठाउँलाई कब्जा गर्ने अधर्मीहरूमाथि औंला उठाउन सकोस् ! सबै सिध्याइसकेकाले अब बचाउने कुरो छैन, भत्काउने कुरो मात्रै छ भन्ने बुझोस् र हिम्मत गरोस् ! आज नबने भोलि बन्छ तर, बनाउने ठाउँका लागि भत्किनु जरूरी हुन्छ । द्रव्यपिशाच, लालची र स्वार्थी हुनुको हद नाघिसक्यौं हामीले । अब सुधार्ने होइन, उधार्ने नेतृत्व चाहिन्छ । पहिलो समस्या हामी आफै हौं । एक पटक त हामी आफै भत्किनु र उध्रिनु जरूरी छ ।

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | सबै कार्यमा सावधानी राख्नुपर्छ । विशेष कामले यात्रा हुन सक्छ । |
| वृष | : | धार्मिक कार्यमा सहभागी हुने योग छ । विवादमा परिन सकिन्छ । |
| मिथुन | : | अचल सम्पत्तिमा वृद्धि हुनेछ । नाता गोतासित भेट हुनेछ । |
| कर्कट | : | शैक्षिक कार्यमा प्रगति हुनेछ । खानपानमा सन्तुलन राख्नुहोला । |
| सिंह | : | आर्थिक लाभ हुनुका साथै व्यापारिक पक्ष पनि सुदृढ हुनेछ । |
| कन्या | : | पदोन्नतीको योग छ । कृषिजन्य कार्यमा लाभ मिल्नेछ । |
| तुला | : | दाम्पत्य जीवन समझदारी र सुझबुझपूर्ण ढंगबाट अगाडि बढ्नेछ । |
| वृश्चिक | : | वाहन सावधानी जरुरी छ । राजनीतिक कार्य सफल हुनेछ । |
| धनु | : | नयाँ काम बन्नेछ । बाहिरी सम्बन्ध राम्रो रहनेछ । |
| मकर | : | प्रयास सफल हुनेछ । धन आर्जन हुने योग छ । |
| कुम्भ | : | स्वास्थ्य गडबड हुने योग छ । चिन्तामा वृद्धि हुनसक्छ । |
| मीन | : | सुख सुविधामा वृद्धि तथा नयाँ सम्पर्क बन्ने योग छ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरु)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

# कुलपति राईद्वारा एकल कविता वाचनसहित प्राज्ञिक सत्ताबारे विमर्श




**भरतपुर/मस-** नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति कवि भूपाल राईको एकल कविता वाचन कार्यक्रम शनिबार भरतपुरमा सम्पन्न भएको छ । भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानको व्यवस्थापकीय सहयोगमा साहित्य सङ्गम चितवनले उक्त कार्यक्रम आयोजना गरेको हो ।

भरतपुर महानगरको हलमा आयोजित कार्यक्रममा कवि राईले अघिल्लो वर्ष प्रकाशित आफ्नो 'यारी' कविता संग्रहमा संग्रहीत करिब एक दर्जन कविता सुनाए । 'सांस्कृतिक एवम् प्राज्ञिक सत्ता र समताका लागि' अभियानअन्तर्गत भरतपुरमा आएर एकल कविता वाचन कार्यक्रम गर्न पाउँदा खुसी लागेको कुलपति राईले बताए ।

कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गर्दै नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव डा. धनप्रसाद सुवेदीले नेपालमा प्राज्ञिक क्षेत्रलाई उपेक्षा गरिएकाले सांस्कृतिक सत्ता र समानताका लागि आवाज उठाउनुपर्ने अवस्था आएको बताए । कवि राईको व्यक्तित्व र कृतित्वबारे चर्चा गर्दै कवि भूपिन खड्काले उनी पहिचानको आन्दोलनसँग जोडिएका विद्रोही चेतना भएका कवि भएको धारणा राखे ।

कवितामार्फत सीमान्तकृत समुदायको अधिकारका लागि प्रतिनिधि आवाज उठाउँदै आएका राईका सुम्निमाको तस्बिर (कवितासंग्रह-२०५३), दाजै कविता गाउँमै छ (कवितासंग्रह-२०५७), पहिलो हरफ शिरबन्दी (गीतसंग्रह-२०५९), किराती सौन्दर्यशास्त्रको अवधारणा (सहलेखन-२०६६), सीमान्त सौन्दर्य (कवितासंग्रह-२०६७), भूमिगत प्रश्नहरु (निबन्धसंग्रह-२०६९), आगोले जन्मोत्सव मनाउँदैन (कवितासंग्रह-२०७१), सेवान्ने जिन्दगी (गीतसंग्रह-२०७६) लगायतका काव्य कृति यसअघि नै प्रकाशित भइसकेका छन् ।

आधुनिक नेपाली कविताका प्रतिनिधि हस्ताक्षर राई २०७९ फागुन ३ गते नेपाल प्रज्ञा प्रतिष्ठानको कुलपतिका रूपमा नियुक्त भएका थिए । साहित्य सङ्गम चितवनका अध्यक्ष प्रकाश चापागाईंको अध्यक्षतामा सम्पन्न भएको सो कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञसभा सदस्य रामहरि श्रेष्ठ,भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानका अध्यक्ष इन्द्र रेग्मी र साहित्य सङ्गम चितवनका सचिव विष्णु तिवारीले पनि मन्तव्य राखेका थिए ।

कुलपति राईका कविता सुन्न चितवन र आसपासका स्रष्टा तथा साहित्य अनुरागीहरू भरतपुर महानगरको हलमा उल्लेख्यरूपमा उपस्थित भएका थिए ।

## अनलाइन मिडियाको कम्पनी परिवर्तन हुने बारेको सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८०/०६/०१**

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १४ बाट **सिटी एक्सप्रेस मिडिया प्रा.ली.**को मातहतमा सञ्चालन हुदै आएको **सिटीहालखवर डट कम (www.cityhalkhabar.com)** अनलाइन मिडिया अब उप्रान्त **चन्द्रागिरी हिल्स मिडिया प्रा.ली.** काठमाडौं जिल्ला, चन्द्रागिरी नगरपालिका वडा नं–६ मार्फत सञ्चालन हुने भएकोले उक्त अनलाइनको नाममा रहेको सम्पूर्ण चल, अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व, आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने भएकोले सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

## UAE मा महिला/पुरुषहरुलाई रोजगारको अवसर

### Al Najma Al Fareeda International Building Maintenance LLC

पुन विज्ञापन । पूर्व स्वीकृती मितिः २०८०/०१/०५ चलानी नं. ६०२०१६८७ LT No. : 286225

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खान सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaners | 104 | 42 | साधारण | 900 | ३२,४९३।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | नि:शुल्क |

**अन्तरवार्ता २०८० असोज ८ गते (25 Sept., 2023) यस प्रा. लि. कार्यालय सिनामंगल, काठमाडौमा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुढानगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**अल जराफा ह्यूमन रिसोर्स कन्सल्टेन्ट प्रा. लि.**
श्रम इजाजत नं.: १५८/०६७/०६८
सिनामंगल, (NIC Asia Bank संगै), काठमाडौं, फोन: ०१-४५९८१६२, ४५९३८७८
मोवाइल नं.: ९८०९४६५३१४, ९८१८८५१७३४, ९८४०५८१७२३
शाखा कार्यालय चितवन सम्पर्क: ०५६-४९४३११ ९८५५०६४९७८, ९८५५०५४९७९
शाखा कार्यालय पोखरा सम्पर्क: ०६१-५८७७७०, ९८०११३६६८५, ९८५६०३९७७०
शाखा कार्यालय जितपुर सिमरा सम्पर्क: ९७६५६९४००५, ९८२३७७४३२४

## मलेसियामा रोजगार |

कम्पनी : MENARA SECURIY SDN BHD (946639-U)
शहर: SELANGOR

पूर्व स्वीकृत मितिः २०७९/०८/११ चलानी नं.: ६०१९२१९० LT. No.:276562 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०८० असोज ८ गते (25 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

**Apollo Manpower Services Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: २२/०४८/०४९
Pinglasthan-9, Gausala, Kathmandu, Tel: 5901748, 5901370, Fax: 4490042
E-mail : amps@mos.com.np, info@apollomanpower.com
apollomanpower2017@gmail.com, Web : apollomanpower.com

## कुवेतमा रोजगार |

कम्पनी: HS BAR HEALTH SALOON & SPA FOR LADIES CO.
शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०८०/०५/२९ चलानी नं.:६०२०७७९८ LT. No.: 292551

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 4 | सम्बन्धित काममा दक्ष | 150 | ६४,४७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manicure & Pedicure | 0 | 2 | | 150 | ६४,४७३ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८० असोज ८ गते (25 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**BAIBHAV OVERSEAS PVT. LTD.**
श्रम इजाजत नं. ३७३/०५९/०६०
आलोकनगर, तिनकुने (भि.एस. निकेतन स्कुलको छेउमा), काठमाडौं । फोन: ०१-४१०६२६४, ४१०६२६५
मोबाइल नं. ९८२३२५४८७७, ९७४५९४२०८७ Email: baibhav.ovs@gmail.com

# Sabhapokhari Rural Municipality
# Office of the Rural Municipal Executive

**Barhabise, Sankhuwasabha**
**Koshi Province, Nepal**

## Invitation For Electronic Bids

**Date of publication: 2080-06-01**

1. Sabhapokhari Rural Municipality, Barhabise, Sankhuwasabha invites electronic bids from eligible bidders for the construction of the following works :-

| Contract No. | Description of work | Estimated Amount (in Rs. With Vat & PS Items) | Bid Security Amount (in Rs.) | Bid document fee (in Rs.) | Last date of bid submission | Bid opening date | Bid validity period | Type of Bid |
|---|---|---|---|---|---|---|---|---|
| SPRM/ABS/NCB/01/080/81 | Construction of Administrative Building of Sabhapokhari Rural Municipality, Barhabise, Sankhuwasabha | - | 20,00,000.00 | 5,000.00 | 2080/07/01 before 12:00 hrs | 2080/07/01 at 13 hrs | 120 days | Single Stage Double Envelope |
| SPRM/ABS/NCB/02/080/81 | Construction of Janajyoti Ma.Bi. Chaubis Kothe Bhawan | 1,14,95,311.49 | 2,85,000.00 | 3,000.00 | 2080/07/01 before 12:00 hrs | 2080/07/01 at 13 hrs | 90 days | Single Stage Single Envelope |

2. Under Single Stage Two Envelope Bidding procedure, only eligible bidders with the following key qualifications should participate in this bidding:
- Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years:- ***NRs 5,70,00,000.00***
- Minimum Work experience of similar size and nature:- ***at least two contract of construction of Administrative Building within the last ten (10) years, each with a value of at least NRs 4,60,00,000.00 (exclusive of VAT) that have been successfully or are substantially completed and that are similar to the proposed work. The similarity shall be based on the physical size, complexity, methods, technology or other characteristics as described in Section VI, Works requirements.***
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Sabhapokhari Rural Municipality, Barhabise, Sankhuwasabha, email:- savapokharimun@gmail.com or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document as mentioned above in the Project's Rajaswa (revenue) account as specified below.
Information to deposit the cost of bidding document in Bank:

| | | |
|---|---|---|
| **Name of the Bank** | : | **Prime Commercial Bank Ltd., Sabhapokhari Branch** |
| **Name of Office** | : | **Sabhapokhari Rural Municipality, Barhabise, Sankhuwasabha** |
| **Office Code No** | : | **801010409** |
| **Antarik Rajaswa Account No.** | : | **06901000000022200177 (for bid document purchase)** |
| **Rajaswa (Revenue) Sirshak No.** | : | **14229** |
| **Dharauti Account No** | : | **06901000000023100160 (for bid security deposite)** |

6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing rules and regulations of Nepal.
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

## कुवेतमा रोजगार |

कम्पनी : PAROS RESTAURANT CO.
शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०८०/०५/३१ चलानी नं.: ६०२०७८२९ LT. No.: 292663

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef Assistant | 3 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ५५,८७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper | 2 | 0 | | 100 | ४२,९८२ | | | | | | | |
| 3. | Waiter/waitress | 3 | 1 | | 130 | ५५,८७७ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज ८ गते (25 Septemeber 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Chandra Kamana Manpower Pvt. Ltd.**
Gov. Lic. No.: 1405/074/075
Ratopul, Gaushala, Kathmandu, Nepal, Tel : 01--4542876, 4538339, 9813013135, 9813768590
Email: chandrakamna05@gmail.com, Web.: www.chandrakamanamanpower.com

## युएईमा रोजगार |

कम्पनी: EUROPLUS STAR GENERAL TRADING LLC
शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/०५/२५ चलानी नं.: ६०२०७५२३ L.T. No.:292321

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 20 | 20 | सम्बन्धित काममा दक्ष | 1300 | ४७,००८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper | 15 | 15 | | 1300 | ४७,००८ | | | | | | | |
| 3. | Sales | 15 | 15 | | 1500 | ५४,२४० | | | | | | | |

**अन्तर्वार्ताको तयारी धमाधम भइरहेको छ ।**
**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज ८ गते (25 September 2023) मा हुनेछ ।**
**अन्तर्वार्ता शाखा कार्यालय पोखरा, कास्कीमा २०८० असोज ८ गते (25 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**एड्भेन्चर ह्युमन रिसोर्स प्रा. लि.**
श्रम ईजाजत पत्र नं. ७४५/०६४/०६५
ठेगानाः सितापाईला, काठमाडौं, नेपाल । फोन नं: ०१–५३८२५९०
शाखा कार्यालयः सृजनाचोक, पोखरा । सम्पर्क :०६१–५७१५६३, ९८१५१४८४२७

## मलेसियामा रोजगार |

कम्पनी: JASMINE FOOD (IPOH) SDN BHD
शहर: LAHAT

पूर्व स्वीकृत मितिः २०८०/०५/३१ चलानी नं.: ६०२०७८२६ LT. No.:292665

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 5 | 0 | स. काममा दक्ष | 1500 | ४२,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज ८ गते (25 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**NIWIDA CONCERN PVT. LTD.**
Govt. Lic. No.: 711/064/065
Sinmangal-9, Kathmandu, Tel : 4470711, 4470811
E-mail: info@niwidaconcern.com,Web.: www.niwidaconcern.com

## साउदीमा वैदेशिक रोजगार अवसर

१. कम्पनी : AL YAMAMA COMPANY FOR TRADING & CONTRACTING शहर : Riyadh
पूर्व स्वीकृत मितिः २०७९/११/२१ चलानी नं.: ६०१९७५९८ LT. No.: 282137 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 19 | 0 | स. काममा दक्ष | 1800 | ६३,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: MAXCO FOR CONTRACTING CO शहर : SAUDI
पूर्व स्वीकृत मितिः २०७८/०९/१८ चलानी नं.: ६०१७१८०४ LT. No.: 255396 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 8 | 0 | स. काममा दक्ष | 1800 | ६३,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज ९ र १० गते (26 & 27 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं.१: रु.१०,०००/- क.नं.२: निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Al Shahid Overseas Pvt. Ltd.**
Gov. Lic. No. 1329/074/75
Banshidhar Marg-04,Chandol, Kathmandu, Nepal, Tel: 01-4514440
E-mail: alshahidnepal@gmail.com, info@alshahidnepal.com, resumeshahid@gmail.com

## साउदीमा वैदेशिक रोजगार अवसर

१. कम्पनी: ABDULLAH ABDULAZIZ ABDULLAH AL-MARDISI FOUNDATION FOR OPERATION AND MAINTENANCE शहर:RIYADH
पुर्व स्वीकृत मितिः २०८०/०५/२७ चलानी नं.: ६०२०७७११ L.T. No.:292537

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Painter | 1 | 0 | स. काममा दक्ष | 1500 | ५३,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: SAND OIL CORPORATION FOR OIL CHANGE शहर: RIYADH
पुर्व स्वीकृत मितिः २०८०/०५/२७ चलानी नं.: ६०२०७७१३ L.T. No.:292542

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vehicle Lubricants And Lubricant Labour | 4 | 0 | स. काममा दक्ष | 1000 | ३५,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: SEEDS CORPORATION FOR THE PROVISION OF BEVERAGES शहर: RIYADH
पुर्व स्वीकृत मितिः २०८०/०५/२७ चलानी नं.: ६०२०७७१० L.T. No.:292536

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | My Coffee (Barista) | 2 | 0 | स. काममा दक्ष | 1200 | ४२,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: FAHD SALEH FAHD AL-KHALIFA CAR SERVICES EST शहर: RIYADH
पुर्व स्वीकृत मितिः २०८०/०५/२७ चलानी नं.: ६०२०७७१४ L.T. No.: 292541

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vehicle Lubricants And Lubricant Labour | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी: EASTERN DOSER CONTRACTING EST शहर: RIYADH
पुर्व स्वीकृत मितिः २०८०/०५/२७ चलानी नं.: ६०२०७७१२ L.T. No.: 292538

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज ८ गते (25 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Al Taaz International Pvt. Ltd.**
Gov. Lic. No. 1251/074/075
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102,
Mob.: 9801147203, 9801147204, 9801147206, 9801147207, 9801147208, 9823402131
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np

# तीजमा राति ९ बजेपछि नाचगान नगर्न आग्रह

**धनकृष्ण विश्वकर्मा/मध्यान्ह**
बाजुरा, ३१ भदौ

